# *कुञ्जिनी* खण्डकाव्यको वस्तुनिर्मिति र भावसौन्दर्य

**निर्मला ढकाल, विद्यावारिधि शोधार्थी,** मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

Email: nirmaladhakal165@gmail.com

Orcid iD: https://orcid.org/0009-0005-7697-7154

**सार**

प्रस्तुत लेख कुञ्जिनी खण्डकाव्यको वस्तुनिर्मिति र भावसौन्दर्यको विश्लेषण गरी रससूत्रका आधारमा यस कृतिको मूल्याङ्कनमा केन्द्रित छ । यस लेखमा सामग्रीको सङ्कलन पुस्तकालयबाट गरिएको छ । प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीको उपयोग गरिएको यस लेखको प्राथमिक सामग्री कुञ्जिनी खण्डकाव्य तथा द्वितीयक सामग्रीका रूपमा विभिन्न पुस्तक, अनुसन्धानात्मक पत्रिका र अनुसन्धान पत्रको उपयोग गरिएको छ । गुणात्मक अनुसन्धान पद्धतिमा आधारित यस लेखमा पाठविश्लेषण विधिको उपयोग गरिएको छ । सैद्धान्तिक आधार र अवधारणाका रूपमा खण्डकाव्य रचनाका लागि वस्तुविधान र भावसौन्दर्यको अभिव्यक्ति समूर्तन तुल्याउने रससँग सम्बन्धित पक्षका आधारमा गरिएको यस अध्ययनमा विश्लेषणात्मक विधिबाट सामग्रीको विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । नेपाली बृहत् संरचनाका काव्यपरम्परामा महत्त्वपूर्ण योगदान पुऱ्याउने लक्ष्मीप्रसाद देवकोटाको कुञ्जिनी स्वच्छन्दतावादी भावधाराको काव्य हो । प्रेममा त्याग र समर्पणको महत्त्वलाई केन्द्रीय पीठिकामा राखी संरचित यस कृतिमा नेपाली समाज, संस्कृति, भूगोल र प्रकृतिमा भएका कविकल्पनाप्रसूत उत्पाद्य विषयलाई आख्यानीकरण गरिएको छ । उत्पाद्य विषयवस्तु र नेपाली राजनीतिक इतिहासमा २००७ सालपूर्वको अवधिका सांस्कृतिक, आर्थिक र शैक्षिक निर्मितिलाई सूक्ष्म रूपमा चित्रण गरिएको यस काव्यमा वस्तुनिर्मितिका लागि नेपाली संस्कृति र प्रकृतिलाई विशेष स्थान दिइएको छ । काव्यको भाजसौन्दर्य सिर्जना गर्नका लागि अङ्गी रसका रूपमा करुण रस परिपाक रहेको यस कृतिमा शृङ्गारादि विभिन्न रस अङ्गरसका रूपमा प्रयोग गरिएका छन् । यस लेखमा रसनिष्पत्तिका लागि विभाव, अनुभाव र सञ्चारिभावको वाञ्छित अन्वयबाट करुण रस परिपाकावस्थामा पुगेको यस काव्यमा यिनै विषय प्राप्तिका रूपमा रहेको निष्कर्षमा पुगिएको छ ।

*प्रमुख शब्दावली:* स्वच्छन्दतावाद, अन्तर्वस्तु, रससिद्धान्त, रससूत्र, काव्यिक निर्मिति

**Article's information**
Manuscript received: 2026/01/15; Date of review: 2026/04/05, Date of manuscript acceptance: 2026/06/08
Publisher: Department of Nepali, Mahendra Morang Adarsh Multiple Campus, Biratnagar, Tribhuwan University.
DOI: https://doi.org/10.3126/vaikharivani.v3i2.96087
Homepage: https://www.nepjol.info/index.php/vaikharivani/; Copyright (c) 2026 Vaikharivani.
This work is licensed under the Creative Commons CC BY-NC License.
https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

प्रस्तुत लेख *कुञ्जिनी* खण्डकाव्यको अध्ययनमा केन्द्रित छ । नेपाली साहित्यमा सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले बृहत् योगदान पुऱ्याउने लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित यो काव्य स्वच्छन्दतावादी अन्तर्वस्तुमा आधारित कृति हो । बहुमुखी प्रतिभाका धनी लक्ष्मीप्रसाद देवकोटाले कविता, खण्डकाव्य, महाकाव्य, निबन्ध, नाटक, कथा र उपन्यास जस्ता साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । साहित्यिक सृजनामा उनले सर्वाधिक सफलता कविता र निबन्ध विधामा प्राप्त गरेका छन् । घरमा रहेको पाण्डित्यको वातावरण र काव्यिक विषयमा गरिने विमर्शबाट कविता लेख्न प्रेरित भएका देवकोटाका कृतिले नेपाली साहित्यलाई समृद्ध तुल्याउनका लागि विशेष भूमिका खेलेका छन् । सिर्जनात्मक रूपमा आशुकवित्वको प्रमाणस्वरूप विभिन्न खण्डकाव्यात्मक कृतिको रचना

गरेका देवकोटाका *मुनामदन* (१९९२), *राजकुमार प्रभाकर* (१९९७), *कुञ्जिनी* (२००२), *लूनी* (लेखन २०००, प्रकाशन २०२३), *म्हेन्दु* (२००२/००३, लेखन, प्रकाशन २०१५), *सीताहरण* (२००२/००३ लेखन, प्रकाशन २०२४), *दुष्यन्त शकुन्तला भेट* (२००२ /००३ लेखन, प्रकाशन २०२५), *पहाडी पुकार* (२००५), *बसन्ती* (२००९), *मैना* (२००९), *मायाविनी सर्सी* (२०२४), *नवरस* (२०२५), *कटक* (२०२६), *नेपाली मेघदूत* (२०३९), *भञ्ज्ञावर्णन* (२०३९), *आनन्द शतक* (२०३९), *वैराग्य लहरी* (२०३९), *रावण जटायु युद्ध* (२०१५), *सुन्दरी जलमा* (२००९), *सृजामाता* (२०३९) लगायतका रचना प्रकाशित छन् ।

देवकोटा नेपाली साहित्यमा सबैभन्दा बढी अध्ययन गरिने व्यक्तित्व हुन् । उनका साहित्यिक व्यक्तित्व र कृतित्वका विषयमा गरिएका अध्ययनका आधारमा *कुञ्जिनी* खण्डकाव्यको अध्ययनका लागि रिक्तता खोज्नु उपयुक्त हुन्छ । यस कृतिका विषयमा चूडामणि बन्धु (२०४६) को *देवकोटा* पुस्तकमा *कुञ्जिनी* खण्डकाव्यलाई काठमाडौंबाट पश्चिममा रहेको धादिङ जिल्लाको गजुरी पेडाको कोल्पूको तिरमा जवानीको उमङ्गमा जीवन बिताउने चाहना भएका गोरे राउत र कुञ्जिनीको वियोगान्त कथालाई आधार मानेर सिर्जना गरिएको सामाजिक, सांस्कृतिक विषयवस्तुमा आधारित कृति रहेको अवधारणा प्रस्तुत गरिएको छ । राममणि रिसाल (२०३१) को *नेपाली काव्य र कवि* पुस्तकमा मुनामदनको वियोगान्त कथाले नेपाली पाठकका आँखाको आँशु ओबाउन नपाउँदै देवकोटाले *कुञ्जिनी*का रूपमा अर्को अश्रुकाव्य थपिदिएको अवधारणा प्रस्तुत गरिएको छ । यस कृतिका सम्बन्धमा कुमारबहादुर जोशी (२०४८) को *देवकोटाका कविताकृतिको कालक्रमिक विवेचना* पुस्तकमा प्रस्तुत कृति लोककथा र कवि कल्पनाको संयोजनमा सिर्जित सामाजिक समस्यामा आधारित तथा दैहिक भौतिकवादी प्रेमलाई भन्दा हार्दिक/आत्मिक प्रेमलाई महत्व दिएको रोमान्टिक प्रगतिवादतर्फ उन्मुख खण्डकाव्य रहेको अवधारणा प्रस्तुत गरिएको छ ।

प्रस्तुत कृतिका सन्दर्भमा ताराकान्त पाण्डेय (२०५५ – ५६ ) को 'देवकोटाको खण्डकाव्यकारिताः प्राप्ति र सीमाका परिप्रेक्ष्यमा' शीर्षक लेखमा *कुञ्जिनी* खण्डकाव्य लोकलयमा आधारित, नेपाली प्रकृतिको सौन्दर्यात्मक यशोगान, सामाजिक मूल्य र मान्यताप्रतिको जडवत जीवन चेतना,आदर्शवादी आध्यात्मिक प्रेमको संयोजन र सामाजिक विषयको उपस्थापन गरिएको कृति रहेको अवधारणा प्रस्तुत गरिएको छ । महादेव अवस्थी (२०६१) को लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता पुस्तकमा *कुञ्जिनी* करुण रसप्रधान खण्डकाव्य रहेको अवधारणा प्रस्तुत गरिएको छ । विष्णुकुमार खत्री (२०७१) को *महाकवि देवकोटाका काव्यकृति* पुस्तकमा गोरे र कुञ्जिनीको आत्मिक प्रेमबाट आरम्भ गरी यी दुवैको कारुणिक अन्त्यमा टुङ्ग्याइएको यस खण्डकाव्यमा प्रेमको अप्राप्तिमा पनि नायक ,नायिकाले सफलता प्राप्त गरेको कुरा उल्लेख गर्दै सामन्तवादी ठालु सिंहको सन्तानको भावनालाई भन्दा भौतिक सम्पत्तिलाई महत्व दिने आडम्बरी संस्कारले पश्चातापमा पर्नु परेको यथार्थलाई बोध गराउँदै हार्दिक प्रेमको अमरताको यशोगान गरिएको अवधारणा प्रस्तुत भएको छ ।

सिर्जनात्मक प्रवृत्तिका रूपमा पश्चिमा स्वच्छन्दतावादी दर्शनलाई नेपाली साहित्यमा भित्र्याउने देवकोटाले नेपाली प्रकृति, संस्कृति र समाजलाई आफ्ना कालजयी कृतिका माध्यमबाट जीवित र जीवन्त तुल्याउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । नेपाली कविता परम्परामा आख्यानात्मकता भएका मझौला आकारका कृतिको आधुनिककालीन सन्दर्भसँग जोडिएका देवकोटाको *कुञ्जिनी* सृजनात्मक रूपमा दोस्रो खण्डकाव्य हो भने यो कविको आशुलेखन र कवित्वको साक्षी पनि हो । यो *कुञ्जिनी* खण्डकाव्य देवकोटाद्वारा एकै रातमा लेखिएको रचना हो (बन्धु, २०३६, पृ. १७३) । नेपाली ग्रामीण परिवेशमा जीवित रहेको समाजव्यवस्था र संस्कृतिलाई त्यहाँ प्रचलित लोकभाकामा आबद्ध गरी संरचित *कुञ्जिनी* खण्डकाव्यको विषयवस्तुको स्रोत कविकल्पनाप्रसूत उत्पाद्य छ भने यसले सामन्तवादी सामाजिक, आर्थिक र सांस्कृतिक परिवेशमा बाँच्ने नेपाली जनजीवनलाई काव्यिक अभिव्यक्तिका रूपमा प्रस्तुत गरेको छ । यो काव्य गाउँले परिवेश, आर्थिक विवशता र पारिवारिक रुढिग्रस्त परिवारको त्रिवेणीमा उभिएको छ । अपूर्ण प्रेमकथालाई घटना श्रृङ्खलासँग जोड्दै दुःखान्त परिणति देखाउनु यसको कथ्य हो ।

**समस्याकथन**

प्रस्तुत लेखमा *कुञ्जिनी* खण्डकाव्यलाई आधार सामग्रीका रूपमा लिई यसको अध्ययन र विश्लेषण गरिएको छ । यसको मुख्य समस्या भन्नु नै विधागत अभिलक्षणका आधारमा प्रस्तुत कृतिको अध्ययन गर्नु हो । यस खण्डकाव्यका विषयमा गरिएका पूर्वाध्ययनले यसको विषयवस्तु, कथावस्तु, यसले ओगटेको परिवेश, पात्र तथा अन्य कला र भावसौन्दर्यसँग सम्बन्धित विषयमा सङ्क्षिप्त र अवधारणात्मक अध्ययन गरिए पनि यसको अन्तर्वस्तु तथा भावसौन्दर्यलाई केन्द्रमा राखी वस्तुनिष्ठ व्याख्यामा रिक्तता देखिन्छ । यस लेखमा यही विषयको परिपूर्तिका साथै कृतिगत अध्ययनसम्बन्धी अवधारणालाई समूर्तन गर्नका लागि *कुञ्जिनी* खण्डकाव्यको रचनासन्दर्भगत वस्तुनिर्मिति र भावसौन्दर्यका रूपमा रसअन्तर्गत रससूत्र तथा रसप्राप्तिको अध्ययन गरिएको छ । यो लेख सम्पन्न गर्नका लागि निम्नलिखित शोधप्रश्नलाई आधार बनाइएको छः

(क) *कुञ्जिनी* खण्डकाव्यको रचनासन्दर्भगत वस्तु निर्मिति केकस्तो छ ?
(ख) *कुञ्जिनी* खण्डकाव्यमा भावसौन्दर्यका रूपमा रसप्रयोग कसरी गरिएको छ ?
(ग) *कुञ्जिनी* खण्डकाव्यमा रससूत्रको अवस्था केकस्तो छ ?

प्रस्तुत लेखमा मुख्य समस्याको समाधान उपर्युक्त शोधप्रश्नका आधारमा गरिएको छ । यस लेखमा कुञ्जिनी खण्डकाव्यमा वस्तुनिर्मिति र भावसौन्दर्यका अतिरिक्त पक्ष सैद्धान्तिक र विषयगत सीमाङ्कन हुन् । खण्डकाव्यको वस्तुनिर्मिति र भावसौन्दर्यसम्बन्धी अवधारणाका आधारमा अध्ययन गर्न चाहने अध्येताका लागि उपयोगी रहने यस लेखको प्राज्ञिक औचित्य यही विषयले पुष्टि गर्दछ ।

**शोधविधि**

प्रस्तुत लेखमा समस्याकथनसँग सम्बन्धित शोध्यप्रश्नहरूको समाधानका लागि पुस्तकालयबाट सङ्कलित प्राथमिक र द्वितीयक दुवै प्रकारका श्रोतको उपयोग गरिएको छ । प्राथमिक श्रोतका रूपमा लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित *कुञ्जिनी* खण्डकाव्यलाई आधार सामग्रीका रूपमा लिइएको छ भने द्वितीयक श्रोत अन्तर्गत यस अध्ययनसँग सम्बन्धित विभिन्न पुस्तक, पत्रपत्रिका, अनुसन्धानात्मक जर्नल, लेख, अनुसन्धान र गोष्ठीपत्र तथा लेखहरूको उपयोग गरिएको छ । गुणात्मक अनुसन्धान पद्धतिमा आधारित यो लेख साहित्यिक पाठलाई आधार बनाई सम्पन्न गरिने भएकाले यो पाठविश्लेषण विधिमा आधारित अनुसन्धान हो । प्रस्तुत लेख पूर्वस्थापित मान्यताका आधारमा सम्पन्न गरिने अनुसन्धान भएकाले यो निगमनात्मक विधिमा आधारित छ । *कुञ्जिनी* खण्डकाव्यको वस्तुनिर्मिति, भावसौन्दर्य र कलासौन्दर्यको विवेचना, विश्लेषण र मूल्याङ्कन गरिने यस लेखमा यही विधिका माध्यमबाट निष्कर्षसम्म पुगिएको छ । यसको सैद्धान्तिक आधार र अवधारणाका रूपमा खण्डकाव्यको विधासिद्धान्तसम्बन्धी मान्यतालाई उपयोग गरिएको छ ।

**सैद्धान्तिक आधार**

काव्य रचनाका लागि अनिवार्य तत्त्वका रूपमा वस्तुनिर्मितिको स्थान रहन्छ । साहित्यिक रचनामा कथ्यविषय, सन्देश तथा विचारप्रस्तुति कसरी भएके छ भन्ने पक्ष वस्तुसौन्दर्यले निर्धारण गर्दछ भने यही भावसौन्दर्य सिर्जना गर्ने आधार पनि हो । जीवनजगत्मा विद्यमान वस्तुताको प्रतिनिधित्व गर्ने कविकल्पनामा व्यक्त हुने विषय, विषयको गतिशीलताका लागि प्रयोग गरिने पात्र, तिनले बाँचेको परिवेश लगायत भाव सिर्जना गर्ने सम्पूर्ण पक्ष काव्यरचनाका लागि वस्तुनिर्मिति हुन् भने यसैले कृतिमा भावपरिमण्डलको समेत सिर्जना गर्दछ ।

काव्यरचनाका क्रममा कविले कल्पनाका माध्यमबाट चयन गरेको विषयवस्त र यसका सम्पूर्ण अङ्गका साथै सिङ्गो कृतिको भावपरिमण्डललाई प्रस्तुत गर्ने बाहक र तिनले बाँचेको वास्तविक जगत्को प्रतिबिम्ब

> काव्यलेखनमा वस्तुनिर्मिति हो भने यसले कृतिप्रतिको पाठकीय संवेदना निर्माणका लागि कथ्यमा समावेश हुने घटना, चरित्र र परिवेशलाई परस्परमा समन्वय गरी ठोस कथ्य र सन्देश सिर्जना गरी पाठकसम्म पुऱ्याउँछ । (कडन, २००७, पृ. ७२०)

खण्डकाव्यको वस्तुनिर्मिति नै भावसौन्दर्य सिर्जना गर्ने माध्यम भएकाले यो सिङ्गो समाजको प्रतिबिम्ब हो । जीवनजगत्का बाह्य र आन्तरिक अनुभवस्वरूप विभिन्न सामग्री वा उपादन र त्यसको भावात्मक–रागात्मक परिणति वा रस कविताको वस्तुनिर्मिति र भावसौन्दर्यको अभिव्यञ्जनालाई मूर्तता दिने कृतिलेखनका उत्पादक सामग्री हुन् अन्तर्वस्तुअन्तर्गत आउने विषय हुन् (त्रिपाठी र अन्य, २०४६, पृ. १६) । खण्डकाव्यको रचनाका लागि स्रष्टाले चयन गरेको विषय, समाज, सामाजिक गतिविधि र सिङ्गो कृतिनिर्माणका लागि आवश्यक पर्ने तत्त्व वस्तुनिर्मिति हुन् भने यसबाट पाठकका मानसिकतामा उत्पन्न संवेदनाको बोध यसको भावसौन्दर्य हो ।

जीवनजगत्को एकपक्षीय चित्रण गरिने खण्डकाव्यमा कथ्यविषय र सन्देश उत्पादन गर्ने सबै तत्त्व वस्तुनिर्मिति हुन् भने यसबाट हुने सौन्दर्यबोध भावसौन्दर्य हो । काव्य रचनाका क्रममा केन्द्रीय विचारसँग सम्बन्धित वस्तुत निर्मिति र भावसौन्दर्य कृतिमा अभिव्यक्त मूल र गौण भावलाई समानान्तर रूपमा क्रियाशील गराई पाठकका लागि आनन्द र संवेदनापूर्ण तुल्याउने कार्यसँग सम्बन्धित हुन्छन् (शर्मा, २०४८, पृ. ११०) । खण्डकाव्य भाषिक संरचना रहेकाले यसमा कलात्मकता सिर्जना गर्नका लागि प्रयोग गरिने स्थुल र सूक्ष्म तत्त्वको अन्वयबाट सृजित कथ्य नै वस्तुनिर्मिति तथा यसबाट उत्पन्न सौन्दर्यबोधको अभिव्यञ्जना भावसौन्दर्य हो । खण्डकाव्य सिर्जनाका क्रममा आएका परस्परमा भिन्न विषयबाट सृजित द्वन्द्व तथा उतरचढावयुक्त जीवन पद्धतिलाई प्रतिनिधित्व गर्ने विषयवस्तु तथा तत्सम्मन्धी सम्पूर्ण सूक्ष्म तत्त्वको अन्वयबाट सिर्जना हुने संरचना नै काव्यको वस्तुनिर्मिति हो (हर्नबी, २००३, पृ. २५८) । स्रष्टाले निश्चित जीवनपद्धतिलाई केन्द्रमा राखी सृजना गरेको खण्डकाव्यको केन्द्रीय प्रतिपाद्य विषय तथा उद्देश्य यसमा निहित भावसौन्द अर्थात् रसास्वादनबाटै हुने गर्दछ । काव्यको साध्यपक्ष रस र ध्वनि नै हो र साधन पक्ष अलङ्कार हो तापनि साधन, साध्य र सिद्धि तीन कुरामा विचार गर्ने हो भने साधनसापेक्ष साध्यको सिद्धि सफल र पूर्ण बन्दछ भन्ने तथ्यनिर्विवाद छ (पन्त, २०५५, पृ. ४९) । समाजमा विद्यमान रागात्मक मनोभावलाई जागृत तुल्याउने वस्तु, प्रकृति, संस्कृति, रागभाव, भूगोल, इतिहास, राजनीति, धर्म, दर्शन, मानवीय अनुभव, अनुभूति, तत्कालिक यथार्थ र वस्तुस्थिति नै खण्डकाव्यको वस्तुनिर्मिति र भावसौन्दर्यमा अभिव्यक्त हुने मुख्य विषय हुन् । कविताको अन्तर्वस्तुमा प्रतिबिम्बन हुने विषय हुन् । सर्जकको चयनगत स्वतन्त्रता र विषयगत असीमितताका कारण कविताको वस्तुनिर्मितिमा अनेकता र विविधताको स्थिति देखिन्छ (लुइटेल, २०५९/६०, पृ. ७) । आख्यानात्मक काव्यिक निर्मितिका रूपमा खण्डकाव्यको रचनाविधानका लागि आवश्यक पर्ने स्थुल तत्त्वहरू नै यसको वस्तुनिर्मितिका आधार हुन् ।

काव्यिक संरचनाका रूपमा जीवनजगत्को आन्तरिक पक्षसँगै बाह्य पक्षलाई साक्षात्कार गर्ने खण्डकाव्यको वस्तुनिर्मित सीमित भावप्रकाशन गरिने कविताका तुलनामा विस्तारित आयामयुक्त र विविधतापूर्ण भावप्रकाशनमा आधारित हुन्छन् । मूलता कविताको वस्तुनिर्मिति कविले चयन गरेको विषय, भाव, विचार र तत्जन्य काव्यिक सामग्रीको समष्टि हो (भट्टराई, २०७०, पृ. १५) । कथ्यलाई कलात्मक र रागात्मक तुल्याउने विषय सिर्जना गर्न प्रयोग गरिएका सबै तत्त्व वस्तुनिर्मितिका आधार हुन् भने यिनै विषयको संयोजनबाट खण्डकाव्यको भावसौन्दर्य प्रकटित हुन्छ । काव्यिक संरचनाको वस्तुतत्त्वअन्तर्गत आउने महत्त्वपूर्ण संरचक घटक द्वन्द्वमा दुई फरक भाव, परिस्थिति, पात्र, मानसिकता आदिका बीचमा हुने सङ्घर्षले सघन भावसौन्दर्य सिर्जना गर्दछ (गौतम, २०६९, पृ. ९२) । खण्डकाव्यमा रागात्मक वस्तुनिर्मिति नै कृतिलाई हृदयसंवेद्य भाव सिर्जना गर्ने आधार हो । काव्यमा जीवनजगत् जस्तो छ त्यस्तै अथवा त्यो स्रष्टालाई कस्तो लाग्छ भन्ने विषयमा केन्द्रित रही तद्विषयक हार्दिकता, रागात्मकता, बिम्बात्मकता, प्रतीकात्मकता आदि उपकरण भावपक्षलाई प्रतिध्वनित गर्ने माध्यम मानिन्छन् (गड्तौला, २०७७, पृ. ९४) । खण्डकाव्य सिर्जन गर्नका लागि आवश्यक पर्ने आधारभूत तत्त्वहरू विषयवस्तु लगायत कृतिमा चित्रण गरिएको

भावसंवेद्य अङ्ग वस्तुनिर्मिति हुन् भने यसले पाठकका मानसिकतामा पार्ने प्रभाव भावसौन्दर्य हो । यस लेखमा यही सैद्धान्तिक अवधारणाका आधारमा *कुञ्जिनी* खण्डकाव्यको अध्ययन गरिएको छ ।

## परिणाम र विमर्श

नेपाली खण्डकाव्यको क्षेत्रमा स्वच्छन्दतावादको शुभारम्भ गर्ने देवकोटा मानवतावाद र भावात्मकतालाई महत्त्व दिन्छन् । उनले मानवको सेवाद्वारा ईश्वर प्राप्तिको भावना, निम्न वर्गको संवेदना र नारीप्रति सद्भाव देखाएर खण्डकाव्यमा मानवतावादी दृष्टिकोण प्रस्तुत गरेका छन् । यिनी प्रकृतिको चित्रणमा रमाउँछन् । ग्राम्य परिवेशको चित्रणमा विशेष चासो राख्छन् । प्रकृतिका सौम्य र रौद्र दुवै रूपको वर्णन गर्ने देवकोटा प्रकृतिको मानवीकरण पनि गर्छन । भावना प्रधान खण्डकाव्य लेख्ने देवकोटा मानवीय प्रेम, देशप्रेम, जातिप्रेम, प्रकृतिप्रेम जस्ता प्रेमका विविध रूपको वर्णन गर्छन् । कल्पना पक्ष सशक्त देखिने उनका खण्डकाव्यहरूमा वर्गीय जनजीवनको चित्रण कारुणिक र मार्मिक ढङ्गमा भएको पाइन्छ । निम्न वर्गका पात्रलाई प्रमुख भूमिका प्रदान गर्ने देवकोटा नारीप्रति सद्भाव राख्दै उनीहरूको दुःख र पीडालाई कलात्मक रूपमा प्रस्तुत गर्छन् । उनका खण्डकाव्यमा विभिन्न लयको प्रयोग भएको पाइन्छ । उनले खण्८काव्यको रचनाका लागि लोकछन्दका झ्याउरे, तामाङ्सेलोका साथै वार्णिक तथा कुनै पङ्क्तिपुञ्जको सिर्जना गर्नका लागि मात्रिक छन्द र मुक्त लयको पनि प्रयोग गरेका छन् । स्वतः स्फूर्त लेखन र भाव अनुसारको भाषाको प्रयोग पनि देवकोटाका खण्डकाव्यमा पाइने विशेषता हुन् । यिनै विशेषतायुक्त *कुञ्जिनी* खण्डकाव्यको विश्लेषण तलका उपशीर्षकमा गरिएको छ ।

### *कुञ्जिनी* खण्डकाव्यको रचनासन्दर्भगत वस्तु निर्मिति

प्रस्तुत *कुञ्जिनी* खण्डकाव्यको रचना २००२ सालमा भएके हो । यस काव्यको रचना नेपाली राजनीति राणाकालीन एकतन्त्रीय एकात्मक संस्कृतिमा आधारित अवधिमा भएको हो । नेपाली राजनीतिक इतिहासमा सहीद पर्व, शैक्षिक आन्दोलनका रूपमा पुस्तकालय पर्व र साहित्यक आन्दोलनका रूपमा मकै पर्वको कुशलतापूर्वक दमन गरेका राणा शासन विरुद्ध प्रतिरोधी आवाज र जनताको स्वतन्त्रताप्रतिको आकर्षण र शैक्षिक चेतना बढ्दै गएको समयसन्दर्भसँग सम्बन्धित कालखण्डमा संरचित यस काव्यको वस्तुनिर्मितिलाई रचना सन्दर्भगत सामाजिक र सांस्कृतिक अवस्था, संरचना, विषय र कथावस्तु, पात्र, परिवेश तथा परिवशेका अङ्गका रूपमा प्रकृतिचित्रण, राष्ट्रप्रेम एवम् नेपाली संस्कृतिको विश्लेषण अलग उपशीर्षकमा गर्नु उपयुक्त ठहर्दछ ।

### *कुञ्जिनी* खण्डकाव्यको रचनासन्दर्भगत सामाजिक र सांस्कृतिक अवस्था

प्रस्तुत *कुञ्जिनी* खण्डकाव्य नेपाली ग्रामीण जनजीवन र जीविकालाई काव्यिक स्वरूप दिइएको कृति हो । यसको रचनासन्दर्भगत अवस्थालाई नियाल्दा यो राजनीतिक रूपमा राणाकालीन नेपाली समाजमा विद्यमान ग्रामीण जीवनपद्धति र मनोभावनालाई प्रतिबिम्बित गर्ने काव्य हो । यो खण्डकाव्य काठमाडौं उपत्यकाभन्दा बाहिर समाजमा वर्चस्व स्थापित गरेका छोटे सामन्तहरूको वर्चस्वका सामु निरीह जीवन बाँच्न ग्रामीण परिवशेका पात्र र तिनको जीवनचेतनामा आंशिक विद्रोह रहे पनि प्रतिकारको तहमा पुगिनसकेको राजनीतिक सन्दर्भसँग सम्बन्धित छ । नेपाली राजनीतिमा सहीद पर्वलाई नृशंशतापूर्वक दमन गरेका राणाहरूको प्रजातन्त्र र नागरिक स्वतन्त्रताप्रतिको निरङ्कुश नीतिको आभास यस खण्डकाव्यकी नायिका कुञ्जिनीको बाबु ठालूसिंहको चरित्र, व्यक्तित्व तथा वर्चस्वशाली भूमिकाका माध्यमबाट प्रस्तुत गरिएको छ । ठालूसिंहको सामाजिक भूमिकाले नेपालका ग्रामीण क्षेत्र विकसित राजनीतिक चेतना र परिवर्तनको आकाङ्क्षाभन्दा भिन्न उत्पीडनलाई नै जीवनको नियती मानेर बाँच्ने दमित नागरिको चेतनासँग सम्बन्धित रहेको पुष्टि हुन्छ ।

प्रस्तुत खण्डकाव्यको आर्थिक सन्दर्भलाई हेर्दा यो सामन्तवादी समाजव्यवस्थामा सीमित व्यक्तिमा पुँजी एकीकृत भई अन्य नागरिक तिनकै रैतीका रूपमा बाँच्नुपर्ने अवस्थासँग सम्बन्धित छ । यस काव्यमा सामाजिक सत्ताको प्रतिनिधित्व गर्ने ठालूसिंहका सामु अन्य व्यक्तिको भूमिका उत्पीडित अवस्थामै छ । काव्यको नायकको भूमिकामा रहेको गोरेको शूरताका कारण सत्ताबाहिरका व्यक्तिका विषयमा केही नरम देखिए पनि ठालूसिंहको कुञ्जिनी र गोरेप्रतिको आकर्षण र प्रेमोपासनाप्रति विमति रहनुको कारक उनीहरूबीचको आर्थिक असमानता नै हो । गाउँको जमिन्दार र जिम्मावालको भूमिकामा रहेको ठालूसिंह गोरेजस्ता निम्नआर्थिक अवस्था भएका पात्र आफ्नो परिवारका सामू अस्तित्वविहीन रहेको ठान्दछ । छोरीलाई कोल्पु नदीले बहाउँदा आफ्नो ज्यानै माया मारेर बचाउने गोरोको हिम्मतका सामु केही उदार देखिए पनि गोरे बाहेकका अन्य गाउँलेप्रतिको उसको दृष्टिकोण उत्पीडक नै रहनु खण्डकाव्य रचनागत सन्दर्भमा विद्यमान आर्थिक असमानता नै रहेको प्रमाण हो ।

प्रस्तुत खण्डकाव्यको सांस्कृतिक सन्दर्भलाई नियाल्दा यो सामन्तवादी समाजव्यवस्थामा उत्पादन पद्धति कथित उच्चवर्गको नियन्त्रणमा रहने व्यवस्थामा आधारित छ । यसको शैक्षिक सन्दर्भलाई हेर्दा ग्रामीण क्षेत्रमा शिक्षा आर्जन गर्ने कुनै पनि व्यवस्था नरहेको र भए पनि ती जमिन्दार, जिम्मावाल र समाजका कथित उच्चवर्गीय सामाजिक संरचनामै सीमित रहेको समयसँग सम्बन्धित छ । यस खण्डकाव्यले प्रतिबिम्बित गरेको वैश्विक परिवेशलाई हेर्दा यो दोस्रो विश्वयुद्धकालीन समयसँग सम्बन्धित रहेको छ । यस खण्डकाव्यको नायक गोरे जर्मन र जापानको धावालाई परास्त गर्नका लागि फौजमा भर्ना भई युद्धतर्फ प्रस्थान गरेको समयसन्दर्भले यही विषयको पुष्टि गर्दछन् । नायिकाको नामबाट नामाकरण गरिएको यस खण्डकाव्यमा अभिव्यक्त गरिएको लैङ्गिक सन्दर्भलाई हेर्दा नारीभूमिका र सामाजिक सम्बन्धमा यी सम्पूर्णतः पुरुष नियन्त्रित वस्तुका रूपमा उपभोग्य रहेको सन्दर्भसँग सम्बन्धित छ । नायकको आगमनमा व्यग्र नायिकाको बलपूर्वक अर्कैसँग विवाह हुन लाग्दा पनि हुननसकेको नारी प्रतिकार यस विषयको प्रमाण हो ।

उपर्युक्त मुख्य सन्दर्भका अतिरिक्त यस खण्डकाव्यमा त्रिशुली, झिल्टुङ्ग, कोल्फु र गजुरीपीडा जस्ता स्थानीय रङ्को प्रयोग भएको यस काव्यमा शुरुदेखि नै कथा र प्रकृति एक अर्कासँग आबद्ध भएर हिंडेका छन् । वि.सं. २००७ सालको राजनीतिक परिवर्तनपूर्व र वैश्विक परिवेशमा विश्वयुद्धको राजनीतिक सन्दर्भ र सेरोफेरोलाई लिएर लेखिएको *कुञ्जिनी* खण्डकाव्यमा नारीका पीडा, दुःख, वेदना जस्ता कुराहरूलाई प्रस्तुत गरिएको छ । त्यस समयमा नेपाली नारीहरूको आत्मिक प्रेमलाई सामन्ती सोच भएका व्यक्तिहरूले कसरी निमोठ्थे भन्ने कुरालाई छर्लङ्ग्याइएको छ । नारीहरूले स्वतन्त्र रुपले जीवन यापन गर्न पाउदैन थिए । सामन्तीहरूको हैकममा नै कुँजिएर बस्न बाध्य थिए । कष्टप्रद जीवन भोग्न बाध्य नेपाली नारीहरूको जीवनको अन्त्य कसरी दुःखान्त हुन पुग्थ्यो भन्ने कुरालाई देखाइएको छ। अमर प्रेमको गीत गाइएको प्रस्तुत काव्यमा भौतिक प्रेमको बिरोध र आत्मिक प्रेमको समर्थन गरिएको छ ।

## *कुञ्जिनी* खण्डकाव्यको संरचना

देवकोटाका उच्च कोटीका खण्डकाव्यहरूमध्ये एक मानिने *कुञ्जिनी* (२००२) मा विभिन्न लोकलयलाई अँगालिएको छ । यो २२ भागमा संरचित छ । बाईस भागलाई क, ख, ग, घ गरी चार उपभागमा विभाजन गरिएको छ । २६६ श्लोक भएको यस खण्डकाव्यमा दुई पंक्ति (हरफ) देखि चालीस पक्तिसम्मका श्लोक छन् । प्रत्येक श्लोकमा एक-एक वटा भाव व्यक्त भएको पाइन्छ । शीर्षक शीर्षकमा विभाजित यस काव्यको आख्यान कमजोर भएको देखिए पनि कवित्व प्रबल रहेको पाइन्छ ।

## *कुञ्जिनी* खण्डकाव्यको विषय र कथावस्तु

प्रस्तुत *कुञ्जिनी* खण्डकाव्यका विषयवस्तु कविकल्पनाप्रसूत छ । खण्डकाव्यसम्बन्धी सैद्धान्तिक आधार प्रस्तुत गर्ने मनीषिहरूले यसको विषयवस्तु प्रसिद्ध वा कविकल्पनामा आधारित जे भए पनि स्वीकार्य हुने अवधारणा प्रस्तुत गरेका छन् । खण्डकाव्य एकदेशीय परिवेश र पात्रसँग सम्बन्धित विषयवस्तुमा आधारित तथा प्रसिद्ध वा उत्पाद्य

विषयमा लेखिएको एवम् महाकाव्यसम्बन्धी शैल्पिक विशेषता भएको हुनुपर्दछ (रुद्रट, सन् १९७२, पृ. ४१८, विश्वनाथ, सन् १९८२, पृ ५५५, शर्मा, २०५३, पृ. ६२)। खण्डकाव्यको संरचना र विषयवस्तुका विषमा अध्ययन गर्ने अध्येताले यसको विषयवस्तस महाकाव्यवत् अभिलक्षणयुक्त काव्य र लोकप्रसिद्ध कथावस्तुमा आधारित हुनुपर्ने अवधारणा प्रस्तुत गरेका छन्।

प्रस्तुत *कुञ्जिनी* खण्डकाव्यको विषयवस्तु कविकल्पनामा आधारित छ भने यसको कथावस्तु आदि, मभ्य र अन्त्य शृङ्खलित रूपमा प्रस्तुत भएको छ। यस काव्यको आदिभागमा कोल्फु झिल्टुङ गाउँको गोरे राउत ठालुसिंहकी छोरी कुञ्जिनीसँग प्रेम गर्छ। ऊ कुञ्जिनीलाई माग्न ठालुसिंहको घरमा पुग्छ। तर ठालुसिंह गोरेलाई कुञ्जिनी दिन अस्वीकार गर्छ। कुञ्जिनी माबलबाट घर फर्किदा कोल्फु नदीको भेलले उसलाई बगाउँछ। कुञ्जिनीको प्रतिक्षा गरेर बसिरहेको गोरेले कोल्फु नदीको भेलबाट कुञ्जिनीलाई बचाउँछ। त्यसपछि ठालुसिंह गोरेलाई कुञ्जिनी दिन स्वीकार गर्छ। कुञ्जिनीसँग बिहा हुने भएपछि गोरे खुशी हुन्छ। कुञ्जिनी पनि सानीमा सिन्धुसँग खुशी प्रकट गर्छे। त्यसै बेला गोरे जर्मनीको लडाइँमा जानु परेकोले कुञ्जिनी दुःखी हुन्छे। ऊ गोरेको विरहमा दिन बिताउन थाल्छे।

प्रस्तुत काव्यको मध्यभागमा नायक र नायिकाबीचमा वियोग सिर्जना गर्ने घटनालाई प्रस्तुत गरिएको छ। यस भागमा लडाईँमा गएको गोरे फर्कदैन भनेर ठालुसिंह आफ्नी छोरी कुञ्जिनीलाई गोरेसँग विवाह नगर्ने सल्लाह दिन्छ। बाबुको यस्तो कुरो सुनेपछि कुञ्जिनी दुःखित भएर विष खाएर मरुँ झैँ गर्छे। ठालुसिंह चाहिं गजुरीको लेप्टेन लखन थापाको छोरो सेतेसँग कुञ्जिनीको बिहे गर्ने निर्णय गर्दछ। बहादुर खंडकाको घरमा ज्योतिषी राखेर बिहेको कुरा छिनिन्छ। सिन्धु गजुरी गएर कुञ्जिनीको स्थिति ठालुसिंहलाई बताउँछे। ठालुसिंह सिन्धुलाई हप्काउँछ। सिन्धु फर्केर कुञ्जिनीकहाँ पुगे पनि दुबै बोल्न सक्दैनन्। बिहे हुने कुरा थाहा पाएपछि कुञ्जिनी सारै दुःख मान्छे।

प्रस्तुत काव्यको कथावस्तुको अन्य भागमा युद्धमा गएको गोरे सङ्ग्राममा परेको घटनादेखि कृतिको अन्त्यसम्म विस्तारित भएको छ। बजरिस्तानमा गोर्खालीको पठान (शत्रुपक्ष) सँग युद्ध हुन्छ। युद्धकै क्रममा अदम्य साहस बटुलेर लडने गोरे पनि साथीहरूसँगै घाइते हुन्छ। गोरे र मानवीर अस्पताल भर्ना भएपछि नेपाल र नेपालीलाई सम्झन्छन्। कुञ्जिनीको सम्झनाले दुःखित भएको गोरे त्रिशुलीमा बगाउन आफ्नो केश कुञ्जिनीलाई पठाएर प्राण त्याग गर्दछ। यता ठालुसिंहको घरमा कुञ्जिनीको बिहेको रमझम हुन्छ। बाहिरी रूपमा सिंगारिएर बेहुली बनेकी कुञ्जिनीलाई भित्री रूपमा ज्यादै कष्ट भइरहेको हुन्छ। बेहुलीका रूपमा सजिएकी कुञ्जिनी गोरेसँगको प्रेमलाई अमर बनाउनका लागि खंगारे भिरबाट त्रिशुलीमा हाम फालेर आफ्नो जीवन समाप्त गर्छे। सानीमा सिन्धु रोइरहेकी हुन्छिन् भने ठालुसिंह चाहिं पश्चाताप गर्छ। कोल्फुको किनारमा अहिले पनि दुवै प्रेमी प्रेमिकाको छायाँ गाउँलेहरू देख्छन् भन्ने कुराको उल्लेख गरेर *कुञ्जिनी* खण्डकाव्यको अन्त्य गरिएको छ।

## *कुञ्जिनी* खण्डकाव्यका पात्र

उक्त खण्डकाव्यका पात्रहरू हुन्- कुञ्जिनी, गोरे राउत, ठालुसिंह, कुञ्जिनीकी सानीमा सिन्धु मानवीर गुरुङ, सहवीर बलभद्र, अमरवीर, ज्योतिषी, लेप्टेन लखन थापा, सेते आदि। यी मध्ये कुञ्जिनी गोरे र ठालुसिंह मुख्य पात्रहरू हुन् भने सहायक पात्रका रूपमा सिन्धु र मानवीर गुरुङलाई लिइन्छ। गौण पात्रका रूपमा लेप्टेन लखन थापा, सेते, सहवीर, बलभद्र, अमरवीर, ज्योतिषी, आदि पर्दछन्। उक्त पात्रहरूमा कुञ्जिनी र सिन्ध स्वी पात्र हुन् भने अन्य पुरुष पात्र हुन्। ठालुसिंह र लेप्टेन लखन थापा जस्ता व्यक्तिहरू असत् पात्रका रूपमा देखिन्छन्। कुञ्जिनी, गोरे राउत, सिन्धु आदि सत् पात्रहरू हुन्। गोरे राउत *कुञ्जिनी* खण्डकाव्यको नायक हो। ऊ कुञ्जिनीलाई आत्मिक प्रेम गर्ने, आर्थिक स्थितिले कमजोर, सरल, सहयोगी र निडर पात्रका रूपमा देखिन्छ। गोरे राउतले वीरगति पाउने बहादुर नेपालीहरूका साथै धन कमाउन विदेशिने लाखौं बेरोजगार नेपालीहरूको पनि प्रतिनिधित्व गरको छ। त्यसैले ऊ व्यक्तिगत नभएर वर्गीय पात्रका रूपमा देखिन्छ। यस खण्डकाव्यमा उसलाई देशभक्त, अमरप्रेमी र सच्चा राष्ट्रभक्तका रूपमा चित्रण गरेका छन्।

कुञ्जिनी ठालुसिंहकी छोरी, गोरे राउतकी प्रेमिका र उक्त खण्डकाव्यकी नायिका हो । ऊ आत्मिक प्रेमका अगाडि भौतिक सुखसम्पत्तिलाई तुच्छ ठान्छे । आफ्नो इच्छा विपरित धनीमानी लेप्टेन लखन थापाको छोरो सेतेसँग विवाह हुन लागेकोले दुःखी बनेकी कुञ्जिनी देहत्याग गर्छे । अन्य युवतीहरूको प्रेम कुण्ठित भएझैं उसको प्रेम पनि कुण्ठित हुन पुग्छ । आत्मिक प्रेमका लागि प्राण त्याग्न सक्ने नेपाली युवतीहरूको प्रतिनिधित्व गरेकी हुनाले कुञ्जिनी वर्गीय पात्र हो । आत्मिक प्रेमका अगाडि भौतिक प्रेम टिक्न सक्दैन भन्ने कुरा देखाउनका लागि कुञ्जिनीको चरित्र प्रस्तुत गरेको देखिन्छ । ठालुसिंह यस खण्डकाव्यको खल पात्र हो । ऊ धनको घमण्ड गर्ने र गरिवलाई मान्छेका रूपमा नलिने व्यक्तिका रूपमा देखिन्छ । उसैका कारण दुई प्रेमीको आत्मिक प्रेम कुण्ठित हुन पुग्छ । आफ्नो इच्छा विपरित विवाह गरिदिने भएपछि कुञ्जिनी प्राण त्याग्छे । त्यसपछि ठालुसिंह पश्चाताप गर्छ । उमेर पुगेका छोरा वा छोरीको इच्छा विपरित विवाह गरि दिएमा ठालुसिंह जस्तै बावु आमाले पछुताउँनु पर्दछ भन्ने कुरा प्रस्तुत गरिएको छ ।

***कुञ्जिनी* खण्डकाव्यको परिवेश**

प्रस्तुत खण्डकाव्यका पात्रहरूका माध्यमबाट देवकोटाले आफ्नो उद्देश्य प्रतिपादन गर्न खोजेको परिवेशका रूपमा धादिङ् जिल्लाको झिल्टुङ कोल्फु खोलाको तीर, गजुरी पेडा, चन्द्रगिरी पर्वत, बजरिस्तान आदि ठाउँहरूलाई लिन सकिन्छ । धाङ्गि बसोबास गर्ने समाज पनि परिवेश कै रूपमा आएको छ । परिवेशका रूपमा अन्य कुराहरू पनि आएका छन् । ती हुन् कुञ्जिनीसित विवाह गर्न प्रस्ताव राख्ने गोरेलाई ठालुसिंहले हप्काउनु, वर्षाको भेलले बगाएकी कुञ्जिनीलाई गोरेले बचाउनु, छोरी बचाए वापत गोरेलाई ठालुसिंहले कुञ्जिनी दिन स्वीकार गर्नु, त्यसपछि कुञ्जिनी र गोरेले एक आपसमा खुशी प्रकट गर्नु, गोरे जर्मनको लडाईंमा जानु, गोरे आउँदैन भनेर लखन थापाको छोरो सेतेसँग विवाहको कुरो छिन्नु, यो सुनेर कुञ्जिनी दुःखित हुनु, उता लडाइँका क्रममा घाइते भएको गोरे उपचार गर्दागर्दै अस्पतालमा मर्नु, यता विवाहको दिन बेहुलीका रूपमा सजिएकी कुञ्जिनी खंगारे भिरबाट त्रिशुलीमा हाम फालेर देह त्याग गर्नु, छोरी कुञ्जिनीको मृत्यूबाट ठालुसिंह पछुताउनु, यसरी यस खण्डकाव्यमा देवकोटाले राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेशलाई पनि प्रस्तुत गरेको पाइन्छ । उनले ग्रीक साहित्यका दुःखान्त चेतनालाई रोमान्टिक मान्यता अनुकूल प्राकृतिक परिवेशमा ढालेर जीवनको यथार्थ पक्षलाई देखाउने काम गरेका छन् ।

प्रस्तुत खण्डकाव्यमा चित्रण गरिएको प्रकृति र राष्ट्रिषतासम्बन्धी अवधारणाले यसको परिवेशलाई थप अकर्षित तुल्याएको छ । यस खण्डकाव्यमा त्रिशुली, झिल्टुङ, कोल्फ र गजुरी पीडा जस्ता स्थानीय रङ्गसँग सम्बन्धित प्रकृति कथावस्तुको अरम्भदेखि अन्त्यसम्म सँगसँगै हिँडेका छन् । यस काव्यका नायक-नायिकाको भूमिकामा रहेका पात्रद्वारा साझा गरिएका स्थानले यस विषयको पुष्टि गर्दछन् भने यसको अभिव्यक्ति खण्डकाव्यमा अभिव्यक्त निम्नलिखित पद्यले प्रमाणित गरेका छन्ः

कमलको पातमा
शीतको थोपा
छिन भर झल झल गर्ने यो जीवन
यससँग के लाउनु मित्यारी ?
पुतली जीवन
एकछिन्को यो वन, (देवकोटा, २०५६, पृ. ८)

प्रस्तुत पद्यमा मान्छेको जीवनको क्षणभङ्गुरताका बीचमा आउने जवानी र तत्जन्य मोडलाई आनन्दपूर्वक व्यतित गर्नुपर्ने भावसौन्दर्यका निमित्त ‘कमल’, ‘शीतको थोपा’ ‘पुतली जोवन’ जस्ता बिम्ब र प्रतीकात्मक सन्दर्भका माध्यमबाट अभिव्यक्त गरिएको छ । यस पद्यमा प्रयोग गरिएको विषय नेपाली प्रकृतिको सम्मोहनयुक्त आकर्षण दिने सामर्थ्ययुक्त रहेको र यस्तो उत्कृष्टता कहीँ पनि नरहेको राष्ट्रवादी वस्तुनिर्मितिका लागि प्रस्तुत गरिएको हो । नेपाली

प्रकृतिको विराटअवस्था मान्छेको बाह्यान्तरिक अनुभूतिसँगै अभ्यन्तरित भइरहेको विषय खण्डकाव्यका निम्नलिखित पद्यमा अभिव्यक्त भएको छः

आँधी हुरी चम्किन्छ भन्छन्
रुनुपर्ला भजेर मैलाई ।' (देवकोटा, २०५६, पृ. ९)

प्रस्तुत पद्यमा प्रकृतिद्वारा सिर्जना गरिएको मनुष्यजातिका जीवनको वास्तविकता भन्नु नै क्षणिक सुख तथा अधिकतर दुःखकै कारण द्रवित भई बाँच्नुपर्ने यथार्थलाई वस्तुनिर्मितिका रूपमा अभिव्यक्त गरिएको छ । जीवन सङ्घर्षपूर्ण र क्लान्त रहे पनि अन्ततः त्यसलाई सुखकै रूपमा बोध गरी बाँच्नु नै प्रेरणादायी जीवनको सत्य रहेको भावसौन्दर्य सिर्जन गर्ने यस पद्यमा सामान्य कथनबाट विशिष्ट भावलाई अभिव्यक्त गरिएको छ । प्रस्तुत खण्डकाव्यमा पात्रको अवस्था अनुसार प्रकृतिको चित्रण गरेको पाइन्छ । कुञ्जिनी दुःखी भएको अवस्थामा प्रकृतिको श्रृङ्गारमय चित्रण निम्नलिखित पद्यमा गरिएको छः

गुलाफको लाल मुस्कान मेरा ओठमा हाल,
सयपत्रीले लगाइछ नि दुलही घुम्टो जाल ।
बादलको चाँदुवामा अबीर-अबीर लावा !
नाच्न लागे मुजुरपंखी बनका शीतल हावा । (देवकोटा, २०५६, पृ. ३०)

प्रस्तुत पद्यमा खण्डकाव्यकी नायिकाको विरहलाई प्राकृतिक बिम्बसँग जोडेर प्रकृति र नायिका एकै हुन् भन्ने भावसौन्दर्य सिर्जना गर्नका लागि गुलाफको रातो पन, सयपत्रीको घुम्टो, बादलको चँदुवा र मयूरपङ्खजस्ता प्रत्यक्ष साक्षात्कार हुने वस्तुनिर्मितिको प्रयोग गरिएको छ । यस पद्यमा मान्छे पनि प्रकृतिकै सिर्जना तथा त्यमा व.पनि विशेषतः नारीहरू प्रकृतिकै पर्याय रहेको वस्तुनिर्मिति सिर्जना गरिएको छ । कुञ्जिनी विरह अवस्थामा हुँदा प्रकृति पनि छट्पटाएको वस्तुनिर्मितिलाई खण्डकाव्यका निम्नलिखित पद्यमा अभिव्यक्त गरिएको छः

कोल्फु आज सुकेर गइन रसविनु ढुङ्गाको जीवन !
हाँगा माथि रहेकी चरी आज झोकी झुकेर बोल्दिन ! (देवकोटा, २०५६, पृ. ५८)

प्रस्तुत पद्यमा काव्यकी  नायिका कुञ्जिनीको रोदनका सामु प्रकृति पनि नतमस्तक भई आफैँ वियोगी भई आँसु खासली रहेको वस्तुनिर्मितिका माध्यमबाट वियोगजन्य परिस्थितिमा परेकी नायिकाको कारुणिक पक्षलाई प्रस्तुत गरिएको छ । यसप्रकार प्रस्तुत खण्डकाव्यको वस्तुनिर्मिति मान्छे प्रकृति निरपेक्ष नभई सापेक्ष हुने र प्रकृतिनिर्दिष्ट मनोविज्ञान नै मान्छेको सत्य रहेको भावसौन्दर्य सिर्जना गर्नका लागि प्रकृति र मानव अभेद्य सम्बन्ध भएका वस्तु रहेको वस्तुनिर्मितिलाई चयन गरिएको छ ।

## *कुञ्जिनी* खण्डकाव्यको राष्ट्रप्रेम र नेपाली संस्कृति

स्वच्छन्दतावादी स्रष्टा राष्ट्र र राष्ट्रिय संस्कृति भनेपछि हुरुक्क हुन्छन् । प्रस्तुत खण्डकाव्यमा पनि नेपाली राष्ट्रियता, प्रकृति र संस्कृतिको महिमामण्डनका लागि स्रष्टा भूमिका सशक्त छ । विशेष गरी साहित्यले समाजका विविधतालाई भाषाका माध्यमबाट कलात्मक रूप दिएको हुन्छ । यस खण्डकाव्यमा पनि नेपाल राष्ट्र र राष्ट्रिय संस्कृतिलाई जीवनको अभिन्न अङ्गका रूपमा चित्रण गरिएको छ । उनले यस काव्यमा नेपाली राष्ट्रिय प्रकृति राष्ट्रिय संस्कृतिका साथै नेपाली वीरताको गाथा वस्तुनिर्मितिको माध्यम बनेका छन् भने यस विषयको यशोगान खण्डकाव्यमा सर्वत्र फैलिएको छ । यस खण्डकाप्यका पात्रले नेपाली संस्कृति राष्ट्रियताको गान र राष्ट्रियसंस्कृतिप्रति आस्था प्रकट गरेका छन् । यस काव्यमा राष्ट्रप्रेमको भावनाको प्रतिबिम्ब निम्नलिखित पद्यमा भएको छः

देश हो हाम्रो, नेपाल राम्रो, आर्यभूमि हिमाल काखको ।
स्वर्ग भी सुन्दर, धर्मको मन्दिर, जन्मनलाई रोजामा लाखको । (देवकोटा, २०५६, पृ. ३६)

प्रस्तुत पद्यमा नेपाली समाजको सांस्कृतिक एकत्व, प्रकृतिको अनसपम र विराट सौन्दर्य तथा परम्परा निर्वाहका लागि नेपालीहरूको प्रतिबद्धताका माध्यमबाट यहाँका नागरिकको राष्ट्रप्रेम, राष्ट्रियता, देशप्रतिको कर्तब्यबोध र आम नेपाली मरेर पनि यही ठाउँमा जन्मनखोज्ने वस्तुनिर्मितिका लागि प्रकृति र संस्कृति तथा सांस्कृतिक धरोहरलाई माध्यम बनाइएको छ । यस काव्यमा प्रस्तुत यस अभिव्यक्तिले नेपाली मनमा राष्ट्र र संस्कृतिमाथि केही पनि नरहेको भावसौन्दर्य सिर्जन गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । यस काव्यमा संस्कृति निर्माणको आधार अन्य नभई यहाँको प्रकृति र सांस्कृतिक मान्यता नै रहको तथ्यलाई निम्नलिखित पङ्क्तिले थप सुदृढ तुल्याएका छन्ः

यिनै राम्रा चाँदीका चुचुरा
सुन-सुन हुने दिनका दुईबार
बिनै फुल्दा बगैंचा हरिया
यिनै हाम्रा नीरका मन्दिर
नीलिएका पहाड किनारा
सुन-सुन हुने दिनका दुईबार
बिनै फुल्दाबगैचा हरिया
नीलिएका पहाड किनारा
यिनै हाम्रा नीरका मन्दिर
चराहोंगे वनका घरबार !
यिनै हाम्रा नेपाली देवी
हिंउगोरा फूलका मुहार ! (देवकोटा, २०५६, पृ. ४९)

प्रस्तुत पद्यमा नेपाल प्रकृतिप्रदत्त सम्पन्न भएकै कारण यहाँका नागरिक सुन्दर भावना र संस्कृतिद्वारा अवान्टित रहेको वस्तुनिर्मितिका लागि उत्तरका हिमालहरू चाँदीद्वारा निर्मित सुन्दर, स्वच्छ र पवित्र, सदाबहार रहनुको कारण यहाँको प्रकृति र संस्कृति नै रहेको वस्तुनिर्मितिका माध्यमबाट नेपाल आफैमा सीमित चौघेरोमा विद्यमान ढुङ्गामाटोको संरचना नभई आफैँमा विशाल, उच्च र उदात्त संस्कृतिको पर्याय रहेको भावसौन्दर्य सिर्जना गरिएको छ । नेपाली समाज, संस्कृति र प्राकृतिक सुन्दरताको विषयको वर्णन खण्डकाव्यका निम्निलिखित पद्यमा अभिव्यक्त भएको छः

दुलीको घुम्टो भरी सिताराको झलमल
सिगारेकी कुञ्जिनीलाई रेशम साडी झलमल । (देवकोटा, २०५६, पृ. २८)
कुर्कुच्या घोटी घोटी हाँसका फूल झैँ पारी
पाउजेब लाउन मनलाग्यो छमछम गरी भारी । (देवकोटा, २०५६, पृ. २९)

उपर्युक्त पद्यद्वयमा अभिव्यक्त कथन राष्ट्रियतासम्बन्धी अभिव्यक्तिका माध्यमबाट राष्ट्रप्रेम र नेपाली संस्कृतिलाई बिर्सनु हुँदैन भन्ने सङ्केत हो । यस पद्यमा नायिकाको मनोकाङ्क्षाको अभिव्यक्तिका लागि नेपाली राष्ट्रिय परिवेशभित्रकै कुनै गाउँको मनोहर प्राकृतिकताका व्यक्ति मनमा विद्यमान आकाङ्क्षाका लागि समान रहेको भावसौन्दर्य सिर्जना गर्नका लागि अनेकौँ प्राकृतिक सन्दर्भलाई प्रयोग गरिएको छ । नेपाली मन प्रकृतिनिष्ठ रहेको र यही नै यहाँका मान्छेको संस्कृति रहेको वस्तुनिर्मितिका माध्यमबाट सुन्दर र सुन्दरताको परिभाषा कसरी निर्माण हुन्छ भन्ने तथ्य परिलाइएको यस पद्यमा व्यक्तिका उमङ्गको प्राप्ति नै सबैका लागि सुख हुने भावसौन्दर्य प्रस्तुतिका लागि कुञ्जिनीको सौन्दर्यकोलाई आधार बनाइएको छ । यस पद्यमा चित्रण गरिएको प्रकृति र संस्कृति राष्ट्रप्रेम प्रस्तुतिको आधार बनेको छ ।

### *कुञ्जिनी* खण्डकाव्यमा रसप्रयोग

प्रस्तुत कुञ्जिनी खण्डकाव्यमा भावसौन्दर्य प्रकटीकरणको प्रमुख आधार यसमा प्रयोग गरिएको रसवेविध्य नै हो । रस पूर्वीय काव्यचिन्तनमा भावसौन्दर्यसँग सम्बन्धित केन्द्रीय सिद्धान्त हो । रसका विषयमा विभिन्न अध्ययन परम्परामा अभिव्यक्त भएका मान्यतालाई संश्लेषण गर्दा यो मूलतः विभाव, अनुभाव र सञ्चारिभावबाट रसानुभूति भई

स्थायी भाव उद्दीप्त हुने प्रक्रिया रस नै रसको अभिलक्षण हो ९भरत, २०४०, पृ। २२८, मम्मट, सन् १९८३, पृ। ९२, विश्वनाथ, सन् १९८३, पृ। ९९, जगन्नाथ, २०२०, पृ। १००–१०६, अजितसेन, सन् १९७३, पृ। २४७, भट्टराई, २०७७, पृ। १००, शर्मा, २०५४, पृ। १५४, एटम, २०७४, पृ। १९४० । संस्कृत र नेपाली काव्यचिन्तनमा अभिव्यक्त गरिएको यस अवधारणाका आधारमा कुञ्जिनी खण्डकाव्य रसप्रयोगका दृष्टिले अध्ययनीय कृति हो । खण्डकाव्यमा रसप्रयोगका दृष्टिले अङ्गी र अङ्ग रसको प्रयोग गरिएको हुन्छ । यस खण्डकाव्यमा अङ्गीरसका रूपमा करुण रस प्रतिपाद्य रहेको छ ।

## *कुञ्जिनी* खण्डकाव्यमा अङ्गी रस

प्रस्तुत *कुञ्जिनी* खण्डकाव्यमा अन्तर्निहित रस विधानको विश्लेषण गर्ने क्रममा अङ्गी रसका रूपमा करुण रस परिपाकावस्थामा पुगेको छ । खण्डकाव्यमा भावसौन्दर्यबोधका लागि अनुभूत गरिने प्रमुख रस अङ्गी रस हो । यस कृतिमा आरम्भदेखि अन्त्यसम्म करुण रस प्रमुख बनेर आएको छ । *कुञ्जिनी* खण्डकाव्यमा नायक, नायिकाको आत्मिक प्रेम अन्त्यमा मृत्युमा पुगेर टुङ्गिएको वियोगको भावलाई अभिव्यञ्जित गरिएको छ जसले दर्शक/पाठक/श्रोतालाई कारुणिक अवस्थामा पुऱ्याएको छ । यस काव्यमा नायक/नायिकाको कारुणिक भावमाथि प्रकाश पारिएको शोक स्थायी भावका रूपमा अभिव्यक्त भएको छ । यस काव्यमा विभावादि अनुकर्ताका रूपमा विषयालम्बनको उपस्थितिलाई निम्नलिखित पद्यहरूले पुष्टि गर्दछन्ः

कुञ्जिनीलाई जरो आयो, ओछयानमा परिन् ।
भोलि जाने दिन भो राउत,
कठैबरा ! मरिन् हजुर , जिउँदै कठै मरिन् । (देवकोटा, २०५६, पृ. ३५)

नेपाल बारी तिमी हौ फूल मेरो आत्मा भंवरो भुन्भुने ,
यो हंस मेरो लाएर फेरो वरिपरि सधैं छ गुन्जने, (देवकोटा, २०५६, पृ. ३७)

धैर्य हो धर्म, नारीको कर्म , भक्ति हो नारीको श्रृङ्गार । (देवकोटा, २०५६, पृ. ३८)

कसरी खप्ने औंसीको शून्ने, आँसुमा फुटेर ।
हृदय मेरो छरिन्छ प्यारा टुक्रा भई टुटेर ।
आँखा भो पानी, दुःख भो थोपा छातीको पहाड ।
विरह बादल गर्जेर रोयो भन्दछिन् नछाड ।
पीर्तिका दिललाई हे निठुर दैव ! विजोग नपार ।
छटक्क पार तरवारले कालको छिनेर टुक्पार । (देवकोटा, २०५६, पृ. ३९ – ४०)

गोरेले सम्झ्यो कुञ्जिनी गोरी कोल्पूको किनारा
कमलको रोगन फूलको जीवन वैलेका बेचारा । (देवकोटा, २०५६, पृ. ५०)

बैंशको धनु फूलको वाण मुटुको चिरा छ ,
कोल्पूको तिर पखेटा ढल्काई बसेको चरा छ । (देवकोटा, २०५६, पृ. ५१ )

उपर्युक्त उद्धरण अन्तर्गतको पहिलो पद्यमा प्रस्तुत तथ्यले गोरेको बजरिस्तानमा पठानसँग लड्न जाने निर्णयले कुञ्जिनीमा शारीरिक र मानसिक पीडा उत्पन्न भएको छ । उनी मुटुको टुक्रा समानको प्रेमीको वियोगले थला परेर

जिउंदै मरेतुल्य भएर रहेकी छन् । दोस्रो पद्यमा गोरेको वियोगमा कुञ्जिनीको संसार अँध्यारो शून्यसरि भएको, मुटु छियाछिया भएर टुक्रिसकेको आँखाबाट पीडा बर्सिएको, विरहको बादलले ढाकेको हुनाले विषयालम्बनका रूपमा रहेकी कुञ्जिनीले हे ! भगवान् बरू तरवारले छिनाल तर हाम्रो बिछोड नगरैदेऊ भन्दै ईश्वरसँग पुकारा गरेकी छ । कुञ्जिनीले गोरेसँग बिछोडिनुपर्दा व्यक्त गरेको पीडानुभूतिले आश्रयालम्बनका रूपमा रहेको गोरे प्रभावित भएको छ । तेस्रो र चौथो पद्यमा उसले भौतिक रूपमा टाढा भए पनि आत्माले सधैं तिम्रो परिक्रमा गर्ने छ, तिमी आत्मामै सजिने छौ त्यसैले प्रिया धैर्य गर भन्दै धैर्यताको बाँध बाँध्न लगाएको छ । पाँचौँ र छैटौँ पद्यमा कुञ्जिनीबाट बिछोड भएर पल्टनमा सहभागी भएको गोरेले चन्द्रगिरीमा पुगेपछि कोल्पूको किनारामा आत्मिक प्रेममा छट्पटिएकी कुञ्जिनीलाई सम्झन्छ, मुटुका चिराका रूपमा रहेकी प्रेमिकालाई पखेटा ढल्काइ बसेको पंक्षी अर्थात् पीडाले उड्न नसकेको चराका रूपमा चित्रण गरेको छ । यी उदाहरणमा प्रस्तुत तथ्यबाट शोक स्थायी भाव रहेको करुण रसको अङ्कुरण भएको अनुभूति पाठकलाई हुन्छ । प्रस्तुत खण्डकाव्यमा विभावादि अनुकर्ताको भावलाई उदीप्त पार्ने भावको अभिव्यञ्जना सघन रूपमा भएको छ । यस खण्डकाव्यमा शोक स्थायी भावलाई उकास्ने वा उद्दीप्त पार्ने विभावको उपस्थिति निम्नलिखित पद्यहरूमा भएको छः

सोह्र वर्ष नाघने ठिटा
देशले सारा डाकिन् ।
कुञ्जिनीको कुञ्ज सुखलाई ,  धेरै बेर आस दिलाई,
बदलीले ढाकिन् ! हजुर बदलीले ढाकिन् । (देवकोटा, २०५६, पृ. ३४)

गएको लहर फर्कन्न बाबै ! चुहेको पसिना ,
उडेको चारो फर्कन्न बाबै गोलीको असिना । (देवकोटा, २०५६, पृ. ५३)

लखन लेप्टेन पहाडको ठालू छेलो र खेलो छ ,
उसको छोरो सेते छ राम्रो ऊसँग बिहा मिलाउने हाम्रो ,
मनको मेलो छ । (देवकोटा, २०५६, पृ. ५४)

बाँच्दिनन् हाम्री कुञ्जिनी राम्री बाबुका जिद्दीले ।
के गर्नु हरे ! पीर्तिको दिलमा स्वर्गको गद्दीले ? (देवकोटा, २०५६, पृ. ६१)

टाकुरा छिन्लान् दिनको बाटो साँझ मर्ली फुटेर,
कालले छिन्ला कुञ्जिनी – जीवन , रात पर्ला टुटेर, (देवकोटा, २०५६, पृ. ६२ )

देख्छ आज सपना गोरे कुञ्जिनीलाई घाटमा लगेको ,
आखिरीको त्रिशुली घाट आखिरको लम्कोसे आँखा ,
वैलिएको फूलको मुहारमाथि केही नबोली बगेको । (देवकोटा, २०५६, पृ. ७६ )

फुकाइदेऊ तुना छातीको कुना ,
बिहानको सल्केर आगो , डाहा भयो हुनलाई अँगार । (देवकोटा, २०५६, पृ. ४३)

उपर्युक्त उद्धरणमध्ये पहिलो पद्यमा प्रस्तुत तथ्यले राष्ट्रको आह्वानलाई स्वीकार गरी गोरे कुञ्जिनीलाई छाडेर युद्धमा जाने निर्णय गरेको छ । प्रथम विश्व युद्धमा जर्मनको विरूद्ध सोह्र वर्षमाथिका सबै युवालाई राष्ट्रप्रेमी बनी सरिक

हुन गरिएको आह्वानले गोरे र कुञ्जिनीको आत्मिक प्रेममा बाधा उत्पन्न भएको छ । दोस्रो र तेस्रो पद्यमा आत्मिक प्रेमको वियोगलाई उद्दीप्त पार्ने प्रस्तुत तथ्यमा सामन्ती संस्कारले सिञ्चित ठालु सिंहले युद्धमा गएको लडाकु र उडेको चरो समान हुनाले यी गोलीका सिकार हुन्छन् त्यसैले गोरेको प्रतीक्षामा बसी जीवनलाई खेर फाल्नुभन्दा लखन लेप्टेनको छोरो सेतेसँग वैवाहिक सम्बन्ध गाँसी सुखसंग जीवन बिताउन भनेको छ । चौथो र पाँचौँ पद्यमा कुञ्जिनीको आत्मिक पीडालाई बुझ्ने सानीमा सिन्धुले बाबुको सामन्तवादी सोँच र जिद्दी गर्ने बानीका कारण अब कुञ्जिनीको जीवनमा अँध्यारो छाउने पूर्वसंकेत गरेकी छन् । छैटौँ पद्यमा प्रस्तुत तथ्यले पनि कुञ्जिनीको भावी जीवनमा आइपर्ने अशुभलाई सङ्केत गरेको छ । ओइलाएको फूलजस्तै शारीरिक रूपमा सिथिल बनेकी र  वियोगका पीडाका आँसुमा डुबेकी कुञ्जिनीलाई मृत्यु पश्चात् घाटमा लगेर जलाएको सपना गोरेले देखेर झस्कन्छ । सातौँ पद्यमा गोरेले युद्धमा होमिने निर्णय गरे पश्चात् कुञ्जिनीलाई औडाहा भएको छातीमा आगो दन्केर डाहा भएको हुनाले चौबन्दीका तुना फुकाइदिन आह्वान् गरेकी छ । यी उदाहरणमा प्रस्तुत तथ्यले वियोगबाट उत्पन्न शोक स्थायी भावलाई उद्दीप्त पारेका छन् ।

प्रस्तुत *कुञ्जिनी* खण्डकाव्यमा करुण रसको अनुभूति गराउने सबै किसिमका शारीरिक चेष्टाहरू अनुभावका रूपमा प्रकट भएका छन् । नायक नायिकाको आत्मिक प्रेमको वियोगमा उत्पन्न पीडानुभूति कायिक, वाचिक, सात्विक र आहार्य चारै प्रक्रियाबाट अभिव्यञ्जित भएको छ जसलाई निम्नलिदित पद्यहरूले  पुष्टि गर्दछन्ः

हामी थोरै दिनका बत्ती आशा गरी बैलाउन जन्माई ,
पृथ्वीमा रोएर कठै काल आई लैजान्छ अन्माई (देवकोटा, २०५६, पृ. ८१)

सिँगारिदिए दुलहीलाई राम्रो कान्तिपुरी रेसमी सारीमा ,
न तिनी रोइन् न तिनी हाँसिन् टोलाई हेरिन् लहरे पारीमा । (देवकोटा, २०५६, पृ. ७९)

त्रिशुलीका डिलमा दरबार गुलाफ बारी भएको झल्कियो ।
गोरेलाई झलक्क देखिन् फूलथुँगे शरीर मिल्कियो । (देवकोटा, २०५६, पृ. ८४)

ठालु सिंहले कपाल लुछ्यो लडीबुडी खेलेर धुलोमा ।
कोकोहोलो मच्चियो ठूलो कोही झरे त्रिशुली पुलमा । (देवकोटा, २०५६, पृ. ८५)

उपर्युक्त उद्धरणमध्ये पहिलो र चौथो पद्यमा अभिव्यक्त विषयले काव्यनायिका कुञ्जिनीको मानसिक अनुभावलाई पुष्टि गरेको छ ।वाचिक अनुभाव अन्तर्गत पर्ने यो अनुभावमा नायिकाले मानव जीवन थोरै दिन बल्ने बत्ती जस्तै भए पनि पृथ्वीमा रोएर बाँच्नुपर्ने र त्यही समयमा मृत्युले अन्माएर लैजाने दुर्भाग्यपूर्ण अवस्थालाई प्रस्तुत गरेकी छ । दोस्रो पद्यमा आहार्य र सात्विक दुवै किसिमको अनुभाव व्यक्त भएको छ जुन काव्य नायिका कुञ्जिनीसँगै सम्बन्धित भएर रहेको छ । गरगहना र पोसाकले सिँगारिएकी  कुञ्जिनी अक्क न वक्क भएकी छन् । अताल्लिएकी कुञ्जिनीको वाणी निस्किन सकेको छैन । तेस्रो पद्यमा कायिक अनुभाव अभिव्यक्त भएको छ जुन खलनायक ठालु सिंहको अनुभवसँग सम्बन्धित भएर आएको छ ।

प्रस्तुत *कुञ्जिनी* खण्डकाव्यमा शोक स्थायी भावलाई परिपाकको अवस्थामा पुऱ्याउन सहकारी भावका रूपमा विभिन्न व्यभिचारी भावको उपस्थिति छ । खण्डकाव्यको वस्तुनिर्मितिसँग जोडिएका कुञ्जिनी, गोरे, ठालु सिंह र सिन्धुका मनोदशामा क्षणिक रूपमा उत्पन्न विभिन्न भावले मूल भावलाई पूर्ण रूपमा प्रकाशमा ल्याउन सहयोग गरेका छन् । यस खण्डकाव्यमा शोक स्थायी भावलाई प्रकाशित गर्ने क्रममा आवेग, अपस्मार, मति, लज्जा, विषाद, धृति, निर्वेद, चिन्ता, दैन्य, अमर्ष, शङ्का, ग्लानिजस्ता व्यभिचारी भाव प्रकटीकरण भएका छन् । यस खण्डकाव्यमा सञ्चारिभाव प्रस्तुतिका दृष्टिले निम्नलिखित पद्य उपयुक्त छन्ः

त्रिशुलीका डिलमा दरबार गुलाफ बारी भएको झल्कियो ।

गोरेलाई झलक्क देखिन् फूलथुँगे शरीर मिल्कियो । (देवकोटा, २०५६, पृ. ८४)

त्यहाँ राति देखिन्छन् छाँया एक जोडी सबैले भन्दछन् ।
झिल्टुंग अझै यो कथा पिपलमनि बसेर भन्दछन् । (देवकोटा, २०५६, पृ. ८७)

कठै ! मेरी गयौ नि बाबा ! मेरी छोरी कुन्जिनी अपारकी ! (देवकोटा, २०५६, पृ. ८६)

गोरेलाई सम्झने गाँठो मुटुदेखि गलातक कसेर,
बिहा भन्ने डरलाग्दो काल कालो साँपझैँ आउँथ्यो डसेर । (देवकोटा, २०५६, पृ. ८०)

उयर्पुक्त पद्यमध्ये उदाहरण पहिलो पद्यले अमर्ष, मोह, र मरण सञ्चारि भाव अभिव्यक्त गरेको छ । दोस्रो पद्यमा दैहिक रूपमा मेल हुन नसकेका नायक नायिका आत्मिक रूपमा मेल भएको बोध गराउने लोककथा अझै पनि भनिन्छ निर्वेद भावको माध्यमबाट करुण रसलाई परिपाकको अवस्थामा पुऱ्याएको छ । तेस्रो पद्यमा भने चिन्ता, विषाद र शङ्का सञ्चारि भावका रूपमा आएका छन् । चौथो पद्यमा उदाहरण चारको तथ्यले कुन्जिनीको विवाहका दिनको अवस्थाको वर्णनका माध्यमबाट धृति सञ्चारिभावको अभिव्यञ्जना भएको छ । यस पद्यमा स्मृति, भय, जडताजस्ता व्यभिचारी भावले करुण रसलाई परिपाकमा पुऱ्याएका छन् ।

प्रस्तुत *कुन्जिनी* खण्डकाव्यमा स्थायी भावका रूपमा शोक अभिव्यक्त भएको छ । प्रिय व्यक्तिसँगको वियोग वा विनाश देखेर वा सुनेर दर्शक/पाठकका मनमा करुण रस उत्पन्न हुन्छ । काव्यमा नायक / नायिका दुवैको आत्मिक प्रेमको वियोग र विनाशको आख्यान सन्दर्भलाई प्रस्तुत गरी स्थायी भाव परिपाकमा पुऱ्याइएको छ । नायिका कुन्जिनी र नायक गोरेको भौतिक तथा दैहिक रूपमा मिलन हुन नसकेपछि प्रकृतिमा लीन नायक/नायिकाको आत्मिक मिलनको संयोगान्ताभासमा काव्य टुङ्गिएको छ । काव्यमा अभिव्यक्त विभाव,अनुभाव र व्यभिचारी भावको संयोजनमा दर्शक/पाठकका मनमा सुषुप्त अवस्थामा रहेको करुण भाव जागृत भएको छ । काव्यमा विभावादिको संयोगबाट परिपुष्ट करुण रसले सहृदयीका आँखामा आँशु छचल्काएको छ । गोरे र कुन्जिनीको मिलन, बिछोड, पुनर्मिलन र पुनर्बिछोडको घटना, सन्दर्भ र परिवेशले आलम्बन र उद्दीपन विभावलाई प्रस्तुत गरेका छन् भने नायक/नायिकाको बिछोड र मृत्युले दुःखद् पीडानुभूतिको अनुभवमा पुऱ्याई व्यभिचारी भावको संयोगमा शोक स्थायी भाव अभिव्यक्त भएको छ । काव्यमा विभावादिका कारण अभिव्यक्त यही शोक स्थायी भावले करुण रस उत्पादन गरी आस्वादन योग्य बनाएको छ जसलाई सहृदयी पाठक/दर्शकले पढेर वा हेरेर रसास्वादन गर्नसक्ने यस खण्डकाव्यमा अङ्ग रसको प्रयोगले पनि भावसौन्दर्यलाई सघन तुल्याउन महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

## *कुन्जिनी* खण्डकाव्यमा अङ्ग रस

प्रस्तुत खण्डकाव्यमा अङ्गरसका रूपमा श्रृङ्गार रस, रौद्र रस, वीर रस र शान्त रसको प्रयोग गरिएको छ । कुनै पनि काव्यकृतिमा मूल रसको अङ्ग भएर आउने रस अङ्गरस हो । काव्यमा यो मूल भावभन्दा तल्लो वा सहायक स्तरको कथ्यसँग सम्बन्धित भएर आउँछ । कृतिमा अङ्ग रसको निर्क्योल गर्दा कृतिमा सहायक भाव कुन कुन हुन् तिनको रसानुभूति र परिपाकको अवस्था कस्तो छ , तिनले अङ्गी रससँग कस्तो सम्बन्ध राखेका छन् भन्ने कुराको अध्ययन गरिन्छ । एउटै कृतिमा अङ्गी रस र अङ्ग रस आउँदा कतिपयमा मुख्य भावसँग समन्वित हुँदै गतिशील भएका हुन्छन् र त्यसैका आधारमा रसको निर्धारण गरिन्छ भने कतिपय काव्यमा मुख्य घटनासँग अन्य सहायक घटनाहरू पनि समन्वित भएर समानान्तर रूपमा अगाडि बढेका हुन्छन् । काव्यमा अभिव्यक्त भावका आधारमा रसको निर्क्योल गरिन्छ । कृतिमा मुख्य भावपछि अर्को कुन भाव प्रकाश्य छ, त्यसबाट अङ्ग रस निर्धारण गरिन्छ । *कुन्जिनी* खण्डकाव्यको सन्दर्भमा अङ्गी रस करुण (शोक) हो भने त्यससँग सम्बन्धित अन्य अङ्ग रसका रूपमा श्रृङ्गार ,वीर

,रौद्र र शान्त रस आएका छन् तापनि यी रसको मूल भावसँगको सम्बन्ध फरक फरक रहेको छ । विभिन्न एक्काईसवटा उपशीर्षक रहेको यस खण्डकाव्यमा राष्ट्रको माग अनुसार गोरे जर्मनका विरूद्धमा लडाईँमा जानुभन्दा अगाडिको आख्यान सन्दर्भले संयोग श्रृङ्गार रसको अनुभूति गराएको छ तापनि परिपाकको अवस्थामा पुग्न नपाउँदै काव्यको अङ्गीरसका रूपमा रहेको करुण रसको आधार बन्न पुगेको छ ।

## *कुञ्जिनी* खण्डकाव्यमा श्रृङ्गार रस

प्रस्तुत कुञ्जिनी खण्डकाव्यको मूल भाव नायक नायिकाको आत्मिक प्रेम त्यसपछिको वियोग र अन्त्यमा दुवैको प्रकृतिमा लीन (मृत्यु) को कारुणिक प्रसङ्गसँग सम्बन्धित भई परिपाकको अवस्थामा पुगेको छ । यही कारुणिक प्रसङ्गको पोयोमा श्रृङ्गार रस पनि सहायक रसका रूपमा बाटिएर आएको छ । जसले करुण रसको आधार बनेर काम गरेको छ । प्रस्तुत काव्यमा खण्ड क , ख ,ग ,घ ,झ र य मा प्रेमाकर्षणमा आधारित श्रृङ्गार रस अभिव्यक्त भएको छ तापनि परिपाकको अवस्थामा पुग्न सकेको छैन । यस खण्डकाव्यमा शरृङ्गार रसप्रयोग निम्नलिखित पद्यले पुष्टि गर्दछन् :

बाँकटे मखमल चोली
हरियो सारी डोली
बैंसकी मूर्ति भोली
वसन्त ऋतुजस्तै गाउँछिन् वनचरा ! (देवकोटा, २०५६, पृ. ६)
ऊ हेर तिनी आइन्
प्रीतिका बथान ल्याइन्
वन नाला बन्दै गाइन् , फूल पयरमा । (देवकोटा, २०५६, पृ. ७)

मोहनीको मन्दिरको पुजारी !
एक बोली वचन , पीर्तिको वरदान ,
माग्न भनी जनम जनम ।
धाई आयो पयरको भिखारी । (देवकोटा, २०५६, पृ. ९)

कुञ्जिनी भन न !
म तिमीलाई राखी आँखामा सुत्छु
तिमीलाई सम्झी बिहान उठ्छु ।
कोल्पूको सुन झैं तिमीमा बुड्छु ,
स्वर्पङ्खे चरो बनेर उड्छु
हे मेरी जीवन ! (देवकोटा, २०५६, पृ. १३)

काँडा हाम्रा झरीसके पीर्ति डुल्छ खालि
तिम्रो भन्दा राम्रो सुवास दिउँला अत्तर हाली । (देवकोटा, २०५६, पृ. १४)

खुकुरीको तिखो टुप्पो रुख रुखमा लाई
बोक्रा भरि तिनका नाम दिन्छु बुट्टाई ।
दुख्ने छैन आज रूखलाई पिरतीको नाउँ । (देवकोटा, २०५६, पृ. १६)

मनका बाजा बज – बज ,
दिन आउँछ भारी !
प्रभु जगत् सिँगारी। (देवकोटा, २०५६, पृ. २९)

उपर्युक्त पङ्क्तिगुच्छहरूमा प्रस्तुत तथ्यले काव्यमा शृङ्गार (प्रेम) रसको आभास भएको छ । यसको विभावका रूपमा नायक नायिका कुञ्जिनी र गोरेको उपस्थिति छ। विभाव कृतिमा यो भाव सम्प्रेषणको आधार हो। यस काव्यमा नायिका कुञ्जिनी विषयालम्बन, नायक गोरे आश्रयालम्बनका रूपमा रहेका छन् भने यहाँ गोरे र कुञ्जिनी एक आपसमा रति (प्रेम) भावको  निष्पत्तिका आधार बनेका छन् । कोल्पूको तिरमा भेडाका बथानसँग गीत गाउँदै कुञ्जिनी गोरेसामु पुग्नु, यौवनमा फुलेकी कुञ्जिनीको सुन्दर पहिरन र सुमधुर स्वरले गोरे आकर्षित हुनु, गोरेले हरबखत तिमीलाई सम्झन्छु भन्दै आत्मिक प्रेमोद्गार व्यक्त गर्ने क्रममा कुञ्जिनीको नाम रूखका बोक्रा खुर्केर कलात्मक रूपमा कोर्नु, कुञ्जनीलाई कोल्पूको भेलले बगाउँदा बचाउने गोरेलाई ठालु सिंहले छोरी दिने निर्णय सुनाएपछि गोरेले हर्षोद्गार प्रकट गरेको छ। प्रेमोद्गारको भाव व्यक्त भएका यी काव्यांशले गोरे र कुञ्जिनीका बीचको रतिरागात्मक भाव व्युँझाउने काम गरेका छन् । गोरे र कुञ्जिनीका बीचको आत्मिक प्रेमको आधारका रूपमा रहेका यी भावहरू शृङ्गार रसको आलम्बन विभावका रूपमा चित्रण गरिएका छन्।

प्रस्तुत *कुञ्जिनी* खण्डकाव्यमा अङ्गरसका रूपमा रहेको शृङ्गार रसलाई उद्दीप्त पार्ने कोल्पू वरिपरिको हरियालीले युक्त प्राकृतिक दृश्य,कोल्पूको कलकल, गोरेले कुञ्जिनीलाई बचाएपछिको ठालु सिंहको छोरी दिने अभिव्यक्ति आदिले आएका छन्। गोरे र कुञ्जिनीका बीचको रतिरागात्मक भावबाट पाठकलाई उद्दीप्त पार्ने सौन्दर्यको अभिव्यञ्जना निम्नलिखित पद्यमा भएको छ :

छहरा गाउँछिन् पीर्तिको नाला
लालमोहर लाग्यो पीर्तिको हेर, (देवकोटा, २०५६, पृ. १३)

.लङ्कापारिबाट परी बतास पंखी आए !
बादलका चाँदी भुवा सौगात भनी ल्याए !
झुम्के चरम रंगीचंगी डोली–डोली धाए
साइपाटाका फूलका किश्ती सारा खिल्मिलाए।
कोपिला भै बेहिएको लगन खोली हेर !
सुनका अक्षर सुनका कबूल पाइनेछन् धेर ! (देवकोटा, २०५६, पृ. १५)

अबलाई भन्ने छैन करमको गति।
तैंले ज्यान बचाइ ल्याइस्।
ईश्वर हातले तैले पाइस् (देवकोटा, २०५६, २६)

उपर्युक्त उद्धरणहरूमा प्रस्तुत तथ्यले कोल्पू वरिपरिको  हरियाली, एकान्त स्थल, फक्रेका फूल, छहरा, कोसेलीपात बोकेर लङ्काबाट बग्दै आएको हावा ,फूलका कोपिलामा बाँधिएको लगन गाँठो, साइपाटा सिंगारेजस्तै सुन्दर बनेको प्रकृति ,रङ्गीचङ्गी डोली आदिले यी दुईको आत्मिक प्रेमलाई उद्दीप्त पारेका छन्। यहाँ कोल्पूको सुन्दर, सुनसान, शीतल वातावरणमा प्रकृति र मानव मनका बीचको तादात्म्यलाई देखाई संयोग शृङ्गार उद्दीप्त भएको छ। ठालुसिंहले छोरी दिने वचन व्यक्त गरेपछि गोरे र कुञ्जिनी दुवैको अन्तरात्मामा अङ्कुरित भएको प्रेमले उद्दीप्तता प्राप्त गरेको छ। प्रस्तुत खण्डकाव्यमा शृङ्गार रसको अभिव्यक्तिमा अभिव्यक्त अनुभावलाई तलका उदाहरणले पुष्टि गरेका छन् :

उफ्री मुटु उर्ली उर्ली

आज मनको बाढी
बिहालाई धेरै छैन । (देवकोटा, २०५६, पृ.२९ )

जीवनमा एक बहार आउँछ
पिरतीको चाहड !
मुरली....मुरली ।(देवकोटा, २०५६, पृ.२९)

झुम्के यारिन लगाऊँ भने,
लाग्छ मलाई लाज,
आज उड्न मन लायो डाँफे ,
गीत गाइ ।
ढुक्कुरजस्तो हुन्छ कुर्लू कुर्लू,
हुन्छ मनमा आइ । (देवकोटा, २०५६, पृ. ३०)

तिम्रो मनको धोका पुग्ला छोरी मेरी गोरी ।
आज लावा अबीर लिई मचाउँला होरी । (देवकोटा, २०५६, पृ. ३०)

फूलले डाक्छे भवरालाई बैंसको कचौराले
अत्तर छिटी हाउभाउ गरी नाच्छे नखराले ।) (देवकोटा, २०५६, पृ. ३०)

कानेखुसी गर्न आयो लौ न बतास आज
पात पातमा सुसेलेर लाग्छ मलाई लाज । (देवकोटा, २०५६, पृ. ३१)

उपर्युक्त पद्यमा गोरे र कुञ्जिनी बीच लगन गाँठो कसिने संभावनाले यी दुवैले हर्षोल्लासपूर्ण वातावरणमा आनन्दानुभूति गरेका छन् । कुञ्जिनी गरगहना लगाई अत्तर छिटी नाचेकी छे ,कहिले लाज मानेर गाउँछे ,कहिले ढुकुरजस्तै कुर्लन मन लागेको कुरा बताउँछे । गोरे पनि विवाह हुने दिन नजिक आएकोमा खुसीले मुरली बजाएर हर्षोद्गार व्यक्त गरेको छ । यो आत्मिक मिलनमा लावा र अबीर छरेर खुसियाली मनाउने मनस्थितिमा सानिमा सिन्धु रहेकी छ । यसरी राधा र कृष्णको जस्तो यो जोडीलाई लहराको लगन गाँठो कसेर प्रेमोल्लास मनाउने तयारीमा रहेका नायक,नायिका दुवैका कायिक, वाचिक, सात्विक र आहार्य अनुभाव व्यक्त भएको छ । दुवैको आत्मिक प्रेमानुभावसम्मको अवस्थामा पुगेपछि गोरेको स्थिति विपर्यायका कारण जर्मनको लडाईँमा जानुपर्ने (राष्ट्रको आह्वान् अनुसार) बाध्यात्मक अवस्था र त्यस अवस्थालाई नकारात्मक ढङ्गले व्याख्या गर्ने सामन्त ठालु सिंहको व्यवहारले श्रृङ्गार रस परिपाकको अवस्थामा पुग्न सकेको छैन र रसाभासको अवस्था सिर्जना भएको छ ।

## *कुञ्जिनी* खण्डकाव्यमा रौद्र रस

प्रस्तुत खण्डकाव्यमा सहायक रसका रूपमा रौद्ररसको प्रयोग गरी भावसौन्दर्य सिर्जना गरिएको छ । यस काव्यमा गीत गाउँदै ,घाँस काट्दै,भेडा चराउँदै कोल्पूको हरियालीले युक्त वातावरणमा आत्मिक प्रेममा बाँधिएका कुञ्जिनी र गोरे बीचको प्रेमलाई गोरेले उत्कर्षमा प्ऱ्याई परिपाकको अवस्थातर्फ रूपान्तरण गर्न खोज्दा कुन्जिनीको बाबु सामन्ती ठालु सिंहले गरिब गोरेसँग छोरीको विवाह नगरीदिने भाव व्यक्त गरी रिसाउँछ । त्यो अवस्थामा गोरेलाई अपमान गर्दै व्यक्त गरेको भावाभिव्यक्तिमा रौद्र रस प्रयोगलाई निम्नलिखित पद्यले पुष्टि गर्दछन् :

त्रिशुलीमा डुबी आइज,
मेरी छोरी लिन ।
नत्र भीरको भालुलाई ,
जा ,जा मैले दिन्न । (देवकोटा, २०५६, पृ. १९)

उपर्युक्त पद्यमा गोरे विषयालम्बन विभाव, ठालुसिंह आश्रय आलम्बन, गोरेले आत्मिक प्रेमिका कुञ्जिनीको हात माग्नु उद्दीपन विभाव,ठालु सिंहद्वारा गरिएको अपमानित व्यवहार र कठोर वचन (जा जा भीरको भालु) अनुभाव, ठालुसिंहको उग्रता,क्रुरता,सञ्चारी भावको संयोजनबाट क्रोध स्थायी भाव निष्पत्ति भएको छ । यसरी गोरेलाई अपमानित व्यवहार प्रदर्शन गरी क्रोधको भाव व्यक्त गरेपछि प्रकृतिले पनि रिसाएर मलिन रूप प्रदर्शन गर्दै मुसलधारे वर्षा गराएकी छन् । कोल्पूको बाढी बढेर पहाडको दाढीसमेत ढाकिदिएको छ र कुञ्जिनीलाई बगाएको प्रसङ्गमा रौद्ररसको अभिव्यञ्जना भएको छः

आयो गड्गड् ठूलो भेल , पहिलो ठूलो भारी
माथिसम्म उर्लो हल्लाई पहाडको दाढी
गुड्गुड् गर्दै कोल्पू देवी, चुरिएर आइन्
एउटा चिच्याएको आवाज एउटा तर्सिएको आवाज
गोरे कानमा ल्याइन् । (देवकोटा, २०५६, पृ. २५)

प्रस्तुत पद्यमा वर्षाको ठूलो भेल विषयालम्बन, बग्दै गर्दा चिच्याएकी कुञ्जिनी आश्रयलम्बन ,कोल्पू देवी रिसाएर चुरिनु उद्दीपन विभाव हो भने पहाडको दाढी ढाक्ने गरी गुड्गुड् आवाज निकाल्दै बगेको खोलामा चिच्याएको आवाज गोरेको कानमा पुग्नु ,अनुभाव र खोलाको उग्र आवेगजस्ता व्यभिचारी भावको संयोजनमा रौद्र रस अभिव्यक्त भएको छ ।

### *कुञ्जिनी* खण्डकाव्यको वीर रस

प्रस्तुत *कुञ्जिनी* खण्डकाव्यमा भावसौन्दर्य सिर्जन गर्नका लागि वीर रसको प्रयोग गरिएको छ । यस खण्डकाव्यमा कोल्पूनदीले बगाएर ल्याएकी कुञ्जिनीलाई गोरेले हाम फालेर बचाउँदा र राष्ट्रको आह्वान् स्वीकार्दै जर्मन विरूद्ध बजरिस्तानमा लड्न जाँदा गोरे लगायत सम्पूर्ण गोर्खालीले बहादुरी देखाएका छन् , उत्साहका साथ लडेका छन् र अदम्य साहस प्रदर्शन गरेका छन् । मूल भावसँग सम्बन्धित भएर आएको निम्नलिखित पद्यले काव्यमा वीर रसको रसानुभूति गराएको छः

हाम्फाल्यो है ठूलो भेलमा मिर्मिर अँधेरीमा !
कुन्जिनीलाई फेला पार्यो बीच भुमरीमा ।
पौडी ल्यायो कोल्पूवारि कोल्पूवारितिर ।
जहाँ उपर फुल्थ्यो डम्म गुलाफ झांगे भीर । (देवकोटा, २०५६, पृ. २५)

प्रस्तुत पद्यमा कोल्पूले बगाएर ल्याएकी कुञ्जिनीलाई बचाउने गोरे विषयालम्बन, कुञ्जिनी आश्रयालम्बन, गोरेले इवाम्म हाम फालेर भुँवरीमा पसी देखाएको वीरता उद्दीपन विभाव,पौडेर कुञ्जिनीलाई वारि ल्याउँदाको खुसीयाली अनुभाव हो । गोरेको धैर्य व्याभिचारी भाव हो र यिनैको उचित संयोगमा उत्साह स्थायी भाव अभिव्यक्त भएको छ । यस खण्डकाव्यमा अभिव्यक्त निम्नलिखित पद्यले वीर रस प्रयोग भएको तथ्यलाई अझ सुदृढ तुल्याएको छः

जस्तो आउँदा सलह लश्कर चील हाँक्छन् आनन्द लिएर ,
यस्तै गरी गोर्खाली वीरले हाँके पठान निर्भय भएर,
घेरी ल्याए पठानले सारा तिखा भाला नजिकै पारेर,

गोरे उफ्रयो खुकुरी नचाई 'काली माई 'को नाउले फारेर। (देवकोटा, २०५६, पृ. ६९)

प्रस्तुत पद्यमा गोर्खाली वीर विषयालम्बन, सलह झैं लस्कर लागेर आएका पठान आश्रयालम्बन , गोर्खाली वीरको हाँक उद्दीपन विभाव र गोरेले काली माईको नाम जप्दै तीखा भालाको नजिकै पारी खुकुरी नचाउनु अनुभाव हो भने गर्व, धैर्य सञ्चारी भाव हुन् र यी सबैको संयोजनमा उत्साह स्थायी भाव उत्पन्न भएको छ।

## *कुञ्जिनी* खण्डकाव्यको शान्त रस

प्रस्तुत *कुञ्जिनी* खण्डकाव्यमा अङ्गीरस करुणको सहायक भई शान्त रस भावसौन्दर्य सिर्जना गर्ने आधार बनेको छ। यस काव्यमा कुञ्जिनीलाई कोल्पूले बगाउँदा गोरेले बचाएपछि ठालुसिंहको चिन्तनमा परिवर्तन आएको छ। मृत्युको मुखबाट कुञ्जिनीलाई बचाएको गोरेलाई ठालुसिंहलेदिन मञ्जुर गर्दा शान्त रस अभिव्यञ्जित भएर आएको छ भने खण्डकाव्यको अन्त्यमा करुण रसलाई परिपाकको अवस्थामा पुऱ्याउने सन्दर्भमा पनि शान्त रसको अनुभूति भएको छ। यस कृतिमा शान्त रसको उपस्थितलाई निम्नलिखित पद्यले पुष्टि गरेको छः

अबलाई भन्ने छैन जे गर्दछौ गर।
कुटी लिइ बगैंचामा फूललाई गीत गाउँछु।
परमेश्वरको भर।
चार दिनको गुँड हो अब के भन्नु छ घर,
तुषाराका निम्ति पाई जानुपर्छ पर। (देवकोटा, २०५६, पृ. २६)

प्रस्तुत पद्यमा आत्मिक प्रेममा बाँधिएका गोरे र कुञ्जिनीलाई जे गर्दछौ गर भन्नु विषयालम्बन,कुटीको बगैंचामा फूल लिएर परमेश्वरको गीत गाउने ठालुसिंह आश्रयालम्बन, यो जिन्दगी अस्थिर,अनित्य छ भन्दै वैराग्य भाव अभिव्यक्त गर्नु उद्दीपन विभाव हो भने परमेश्वरको भर पर्नु , भजन गाउनु सम्पत्तिको सांसारिक माया ,मोहबाट अलग हुन खोज्दै घर छैन भन्नु अनुभाव हो भने यी सबैको संयोजनमा निर्वेद स्थायी भाव अभिव्यक्त भएको छ र शान्त रसको अभिव्यक्ति भएको छ। यसका साथै काव्यका निम्नलिखित पद्यमा प्रस्तुत भावसौन्दर्यले शान्त रसप्रयोगलाई थप सघन तुल्याएको छः

झूटा बाबु रोएर बस्थे खानपिन छोडेर पटक्क ,
कलेजाकी टुक्रा झैं छोरी देव आई चुंडेर चटक्क।
मूर्ख थिए छोरीका स्नेही बाहिरका धनलाई सुख चिन्ने ,
अब बुझे बूढाले संसार किला केश भएर सब सुन्ने। (देवकोटा, २०५६, पृ. ८७)

प्रस्तुत पद्यमा प्रकृतिमा लीन भई प्रेमलाई अमर बनाउने छोरी (कुञ्जिनी) विषयालम्बन, भौतिक सुख सम्पत्तिलाई महत्त्व दिने बाबु आश्रयालम्बन , कलेजाको टुक्रा समानकी छोरीलाई दैवले चुँडेर लैजानु ( मृत्यु हुनु ) उद्दीपन विभाव, मूर्ख बाबुको रुवाइ अनुभाव, निर्वेद, मति व्यभिचारी भावको संयोगमा शम स्थायी भाव उत्पन्न भएको छ।

## *कुञ्जिनी* खण्डकाव्यमा रससूत्र

प्रस्तुत *कुञ्जिनी* खण्डकाव्यमा अन्तर्निहित रस विधानको विश्लेषण गर्ने क्रममा अङ्गी रस (करुण ) र अङ्ग रस (श्रृङ्गार, वीर,रौद्र र शान्त) लाई रससामग्रीका आधारमा पुष्टि गरिएको छ। साहित्यिक कृतिमा रहेको मूल वा केन्द्रीय रसलाई अङ्गी रस भनिन्छ। यो खण्डकाव्यमा आरम्भदेखि अन्त्यसम्म करूण रस अङ्गी बनेर आएको छ। यो अङ्गी रससँग अन्य सहकारी रसहरू पनि आएका छन्। यो रस काव्यको मूल भावसँग सम्बन्धित छ। कुनै पनि कृतिमा अङ्गी रसको निर्क्योल गर्दा कृतिमा मुख्य भाव कुन हो र कृतिमा कुन रस परिपाकको अवस्थामा उत्कर्षमा पुगेको छ त्यसका आधारमा यसको अध्ययन गरिन्छ। साहित्यिक कृतिमा मूलत : श्रृङ्गार, करुण र वीर कुन चाहिँ

भावलाई प्रकाश पारिएको छ त्यसका आधारमा अङ्गीरसको निर्क्योल गरिन्छ । *कुञ्जिनी* खण्डकाव्यमा नायक, नायिकाको आत्मिक प्रेम अन्त्यमा मृत्युमा पुगेर टुङ्गिएको वियोगको भावलाई अभिव्यञ्जित गरिएको छ जसले दर्शक/पाठक/श्रोतालाई कारुणिक अवस्थामा पुऱ्याएको छ । नायक/नायिकाको कारुणिक भावमाथि प्रकाश पारिएको यस काव्यमा शोक स्थायी भावका रूपमा अभिव्यञ्जित भएको छ ।

### ***कुञ्जिनी* खण्डकाव्यमा विभाव**

प्रस्तुत *कुञ्जिनी* खण्डकाव्यमा शोक स्थायी भाव निष्पत्ति गर्ने कारणका रूपमा नायक र नायिकाको दुःखद् अन्त्य रहेको छ । काव्यमा विषयालम्बनका रूपमा नायिका कुञ्जिनी रहेकी छ भने आश्रयालम्बनका रूपमा गोरे रहेको छ । विषयालम्बन प्रभावक र आश्रयालम्बन प्रभावित भएको छ । खण्डकाव्यमा विषयालम्बनका रूपमा रहेकी नायिका कुञ्जिनीले गोरेको आदर्शवादी राष्ट्र प्रेम (पौरुषपूर्ण महत्वाकाङ्क्षा) र बाबुको सामन्ती तथा व्यवहारवादी निर्णयसँग हारेर अन्त्यमा शरीरको बलिदानद्वारा हार्दिक आत्मिक प्रेममा विजयी बनेकी छ भने कुञ्जिनीमा उत्पन्न आत्मिक पीडाको कारण काव्य नायक गोरे प्रभावित भएको छ । गोरे आँखाभरि देश र मुटुभरि कुञ्जिनीलाई सजाएर बजरिस्तानमा पठानहरूसँगको युद्धमा होमिएको छ । यसको पुष्टि यसरी भएको छ :

कुञ्जिनीलाई जरो आयो, ओछ्यानमा परिन् ।
भोलि जाने दिन भो राउत,
कठैबरा ! मरिन् हजुर , जिउँदै कठै मरिन् । (देवकोटा, २०५६, पृ. ३५)

नेपाल बारी तिमी हौ फूल मेरो आत्मा भंवरो भुन्भुने ,
यो हंस मेरो लाएर फेरो वरिपरि सधैं छ गुन्जने, (देवकोटा, २०५६, पृ. ३७)

कसरी खप्ने औंसीको शून्ने, आँसुमा फुटेर ।
हृदय मेरो छरिन्छ प्यारा टुक्रा भई टुटेर ।
आँखा भो पानी, दुःख भो थोपा छातीको पहाड ।
विरह बादल गर्जेर रोयो भन्दछिन् नछाड ।
पीर्तिका दिललाई हे निठुर दैव ! विजोग नपार ।
छटक्क पार तरवारले कालको छिनेर टुक्पार । (देवकोटा, २०५६, पृ. ३९–४०)

गोरेले सम्झ्यो कुञ्जिनी गोरी कोल्पूको किनारा
कमलको रोगन फूलको जीवन वैलेका बेचारा । (देवकोटा, २०५६, पृ. ५०)

बैंशको धनु फूलको वाण मुटुको चिरा छ ,
कोल्पूको तिर पखेटा ढल्काई बसेको चरा छ । (देवकोटा, २०५६, पृ. ५१)

माथिको पहिलो उद्धरणले गोरेको बजरिस्तानमा पठानसँग लड्न जाने निर्णयले कुञ्जिनीमा शारीरिक र मानसिक पीडा उत्पन्न भएको छ । ऊ मुटुको टुक्रा समानको प्रेमीको वियोगले थला परेर जिउँदै मरेतुल्य भएर रहेकी छ । दोस्रो उद्धरणमा गोरेको वियोगमा कुञ्जिनीको संसार अँध्यारो शून्यसरि भएको, मुटु छिया छिया भएर टुक्रिसकेको आँखाबाट पीडा बर्सिएको ,विरहको बादलले ढाकेको हुनाले विषयालम्बनका रूपमा रहेकी कुञ्जिनीले हे ! भगवान् बरू तरवारले छिनाल तर हाम्रो बिछोड नगरिदेऊ भन्दै ईश्वरसँग पुकारा गरेकी छ । कुञ्जिनीले गोरेसँग बिछोडिनुपर्दा

व्यक्त गरेको पीडानुभूतिले आश्रयालम्बनका रूपमा रहेको गोरे प्रभावित भएको छ र तेस्रो उद्धरणमा उसले भौतिक रूपमा टाढा भए पनि आत्माले सधैं तिम्रो परिक्रमा गर्ने छ,तिमी आत्मामै सजिने छौ त्यसैले प्रिया धैर्य गर भन्दै धैर्यताको बाँध बाँध्न लगाएको छ। चौथो उद्धरणमा मा कुञ्जिनीबाट बिछोड भएर पल्टनमा सहभागी भएको गोरेले चन्द्रगिरीमा पुगेपछि कोल्पूको किनारामा आत्मिक प्रेममा छट्पटिएकी कुञ्जिनीलाई सम्झन्छ । यी उद्धरणमा प्रस्तुत तथ्यबाट शोक स्थायी भाव रहेको करुण रसको अङ्कुरण भएको अनुभूति दर्शक वा पाठकले गर्छ। कुञ्जिनी खण्डकाव्यमा शोक स्थायी भावलाई उकास्ने वा उद्दीप्त पार्ने उद्दीपन विभाव यसरी आएका छन् :

सोह्र वर्ष नाघने ठिटा
देशले सारा डाकिन्।
कुञ्जिनीको कुञ्ज सुखलाई , धैरै बेर आस दिलाई,
बदलीले ढाकिन् ! हजुर बदलीले ढाकिन्। (देवकोटा, २०५६, पृ. ३४)

प्रस्तुत पद्यमा राष्ट्रको आह्वानलाई स्वीकार गरी गोरे कुञ्जिनीलाई छाडेर युद्धमा जाने निर्णय गरेको छ। प्रथम विश्व युद्धमा जर्मनको विरूद्ध सोह्र वर्षमाथिका सबै युवालाई राष्ट्रप्रेमी बनी सरिक हुन गरिएको आह्वानले गोरे र कुञ्जिनीको आत्मिक प्रेममा बाधा उत्पन्न भएको छ।

फुकाइदेऊ तुना छातीको कुना ,
बिहानको सल्केर आगो , डाहा भयो हुनलाई अँगार। (देवकोटा, २०५६, पृ. ४३)

प्रस्तुत पद्यमा अभिव्यक्त तथ्यले गोरेले युद्धमा होमिने निर्णय गरे पश्चात् कुञ्जिनीलाई औडाहा भएको छातीमा आगो दन्केर डाहा भएको हुनाले चौबन्दीका तुना फुकाइदिन आह्वान् गरेकी छ। यी उद्धरणमा प्रस्तुत तथ्यले वियोगबाट उत्पन्न शोक स्थायी भावलाई उद्दीप्त पारेका छन्।

गएको लहर फर्कन्न बाबै ! चुहेको पसिना ,
उडेको चारो फर्कन्न बाबै गोलीको असिना। (देवकोटा, २०५६, पृ. ५३)

आत्मिक प्रेमको वियोगलाई उद्दीप्त पार्न दोस्रो पद्यमा सामन्ती संस्कारले सिञ्चित ठालु सिंहले युद्धमा गएको लडाकु र उडेको चरो समान हुनाले यी गोलीका सिकार हुन्छन् त्यसैले गोरेको प्रतीक्षामा बसी जीवनलाई खेर फाल्नुभन्दा लखन लेप्टेनको छोरो सेतेसँग वैवाहिक सम्बन्ध गाँसी सुखसँग जीवन बिताउन भनेको छ।

लखन लेप्टेन पहाडको ठालू छेलो र खेलो छ ,
उसको छोरो सेते छ राम्रो ऊसँग बिहा मिलाउने हाम्रो ,
मनको मेलो छ। (देवकोटा, २०५६, पृ. ५४)

प्रस्तुत पद्यमा कुञ्जिनीको आत्मिक पीडालाई बुझ्ने सानीमा सिन्धुले बाबुको सामन्तवादी सोंच र जिद्दी गर्ने बानीका कारण अब कुञ्जिनीको जीवनमा अँध्यारो छाउने पूर्वसङ्केत गरेकी छ।

बाँच्दिनन् हाम्री कुञ्जिनी राम्री बाबुका जिद्दीले।
के गर्नु हरे ! पीर्तिको दिलमा स्वर्गको गद्दीले ? (देवकोटा, २०५६, पृ. ६१)

प्रस्तुत पद्यमा युद्धको मैदानमा बहादुरीपूर्वक सहभागी भई घाइते भएको गोरेले आफ्नी नायिका कुञ्जिनीको प्रतिबिम्ब टोलाएको अवस्थामा देख्नु, आफूबाट वियोगिएकी नायिकाका अवस्था हतप्रभ र कारुणिक हुनु तथा नायिकाको अब बाँच्ने सम्भावना नरहेको कल्पनामा डुबेको सन्दर्भलाई चित्रण गरिएको छ।

देख्छ आज सपना गोरे कुञ्जिनीलाई घाटमा लगेको,
आखिरीको त्रिशुली घाट आखिरको लम्कोसे आँखा,

वैलिएको फूलको मुहारमाथि केही नबोली बगेको । (देवकोटा, २०५६, पृ. ७६)

प्रस्तुत पद्यमा प्रस्तुत तथ्यले पनि कुञ्जिनीको भावी जीवनमा आइपर्ने अशुभलाई सङ्केत गरेको छ । ओइलाएको फूलजस्तै शारीरिक रूपमा सिथिल बनेकी र वियोगका पीडाका आँसुमा डुबेकी कुञ्जिनीलाई मृत्यु पश्चात् घाटमा लगेर जलाएको सपना गोरेले देखेर झस्केको प्रसङ्गका माध्यमबाट विभावादि अनुकर्ताको अवस्थालाई चित्रण गरिएको छ ।

**अनुभाव**

प्रस्तुत कुञ्जिनी खण्डकाव्यमा करुण रसको अनुभूति गराउने सबै किसिमका शारीरिक चेष्टाहरू भएका छन् । नायक नायिकाको आत्मिक प्रेमको वियोगमा उत्पन्न पीडानुभूति कायिक, वाचिक ,सात्विक र आहार्य चारै प्रक्रियाबाट अभिव्यञ्जित भएको छ जसलाई निम्नानुसारका उदाहरणद्वारा पुष्टि गरिएको छ :

हामी थोरै दिनका बत्ती आशा गरी बैलाउन जन्माई ,
पृथ्वीमा रोएर कठै काल आई लैजान्छ अन्माई (देवकोटा, २०५६, पृ. ८१)

सिँगारिदिए दुलहीलाई राम्रो कान्तिपुरी रेसमी सारीमा ,
न तिनी रोइन् न तिनी हाँसिन् टोलाई हेरिन् लहरे पारीमा । (देवकोटा, २०५६, पृ. ७९)

त्रिशुलीका डिलमा दरबार गुलाफ बारी भएको झल्कियो ।
गोरेलाई झलक्क देखिन् फूलथुँगे शरीर मिल्कियो । (देवकोटा, २०५६, पृ. ८४)

ठालु सिंहले कपाल लुछ्यो लडीबुडी खेलेर धुलोमा ।
कोकोहोलो मच्चियो ठूलो कोही झरे त्रिशुली पुलमा । (देवकोटा, २०५६, पृ. ८५)

उपर्युक्त पहिलो र चौथो पद्यमा प्रस्तुत तथ्यले काव्यनायिका कुञ्जिनीको मानसिकताका माध्यमबाट अनुभावलाई पुष्टि गरेको छ । वाचिक अनुभाव अन्तर्गत पर्ने यो अनुभावमा नायिकाले मानव जीवन थोरै दिन बल्ने बत्तीजस्तै भए पनि पृथ्वीमा रोएर बाँच्नुपर्ने र त्यही समयमा मृत्युले अन्माएर लैजाने दुर्भाग्यपूर्ण अवस्थालाई प्रस्तुत गरेकी छन् । त्रिशुलीको डिलमा आफ्नो मनमस्तिष्कमा सजिएको गोरेको दृश्यावलोकनको अनुभूतिसँगै त्रिशुलीमा हाम फालेकी छन् । दोस्रो पद्यमा प्रस्तुत तथ्यले आहार्य र सात्विक दुवै किसिमको अनुभाव व्यक्त भएको छ जुन काव्य नायिका कुञ्जिनीसँगै सम्बन्धित भएर रहेको छ । यस अवस्थामा गरगहना र पोसाकले सिँगारिएकी कुञ्जिनीको वाणी निस्किन सकेको छैन । उद्धरणमा ३ मा प्रस्तुत तथ्यमा कायिक अनुभाव अभिव्यक्त भएको छ जुन खलनायक ठालु सिँहको अनुभवसँग सम्बन्धित भएर आएको छ ।

***कुञ्जिनी* खण्डकाव्यमा व्यभिचारी भाव**

कुञ्जिनी खण्डकाव्यमा शोक स्थायी भावलाई परिपाकको अवस्थामा पुऱ्याउन सहकारी भावका रूपमा विभिन्न व्याभिचारी भाव देखा परेका छन् । खण्डकाव्यको आख्यान सन्दर्भलाई हेर्दा नायिका कुञ्जिनी, नायक गोर, खलनायक ठालु सिंह र कुञ्जिनीकी सानिमा सिन्धुका मनोदशामा क्षणिक रूपमा उत्पन्न विभिन्न भावले मूल भावलाई पूर्ण रूपमा प्रकाशमा ल्याउन सहयोग गरेका छन् । खण्डकाव्यमा शोक स्थायी भावलाई प्रकाशित गर्ने क्रममा आवेग, अपस्मार, मति, लज्जा, विषाद, धृति, निर्वेद, चिन्ता, दैन्य, अमर्ष, शङ्का, ग्लानिजस्ता व्यभिचारी भाव उत्पन्न भएका

छन् । यस खण्डकाव्यमा अङ्गी रसका रूपमा रहेको करुण रसको सहकारी भाव बनेर आएको व्यभिचारी भावलाई तलका उदाहरणमा प्रस्तुत तथ्यबाट पुष्टि गरिएको छ :

त्रिशुलीका डिलमा दरबार गुलाफ बारी भएको झल्कियो ।
गोरेलाई झलक्क देखिन् फूलथुँगे शरीर मिल्कियो । (देवकोटा, २०५६, पृ. ८४)

त्यहाँ राति देखिन्छन् छाँया एक जोडी सबैले भन्दछन् ।
झिल्टुंग अझै यो कथा पिपलमनि बसेर भन्दछन् । (देवकोटा, २०५६, पृ. ८७)

कठै ! मेरी गयौ नि बाबा ! मेरी छोरी कुञ्जिनी अपारकी ! (देवकोटा, २०५६, पृ. ८६)

गोरेलाई सम्झने गाँठो मुटुदेखि गलातक कसेर,
बिहा भन्ने डरलाग्दो काल कालो साँपझैँ आउँथ्यो डसेर । (देवकोटा, २०५६, पृ. ८०)

प्रस्तुत पद्यमध्ये पहिलो पद्यमा अमर्ष, मोह, मरण जस्ता व्यभिचारी भाव अभिव्यक्त भएका छन् । दोस्रो पद्यमा दैहिक रूपमा मेल हुन नसकेका नायक नायिका आत्मिक रूपमा मेल भएको बोध गराउने लोककथा अझै पनि भनिन्छ भन्ने यो भावले निर्वेदका माध्यमबाट करुण रसलाई परिपाकको अवस्थामा पुऱ्याएको छ । तेस्रो पद्यमा चिन्ता, विषाद र शङ्काको भाव अभिव्यक्त भएको छ । उदाहरण को तथ्यले कुञ्जिनीको विवाहका दिनको अवस्थाको वर्णन गरेको छ । यी पङ्क्तिमा विवाहको आयोजना नै मृत्युको कारण बनेको कारुणिक भाव अभिव्यक्त भएको छ । पीडाले मन-मस्तिष्कमा आघात उत्पन्न गरेको अवस्थामा विवाह डरलाग्दो काल बनेर आएको छ । त्यसैले स्मृति, भय, जडताजस्ता व्याभिचारी भावले करुण रसलाई परिपाकमा पुऱ्याएका छन् । खण्डकाव्यमा यस्ता सञ्चारी भावहरू अन्य प्रसङ्गमा अभिव्यक्त भएका छन् ।

### ***कुञ्जिनी* खण्डकाव्यमा स्थायी भाव**

प्रस्तुत *कुञ्जिनी* खण्डकाव्यमा स्थायी भावका रूपमा शोक अभिव्यक्त भएको छ । प्रिय व्यक्तिसँगको वियोग वा विनाश देखेर वा सुनेर दर्शक/पाठकका मनमा करुण रस उत्पन्न हुन्छ । काव्यमा नायक / नायिका दुवैको आत्मिक प्रेमको वियोग र विनाशको आख्यान सन्दर्भलाई प्रस्तुत गरी स्थायी भाव उत्कर्ष भएको छ । नायिका कुञ्जिनी र नायक गोरेको भौतिक तथा दैहिक रूपमा मिलन हुन नसकेपछि प्रकृतिमा लीन नायक/नायिकाको आत्मिक मिलनको संयोगान्ताभासमा काव्य टुङ्गिएको छ । काव्यमा अभिव्यक्त विभाव,अनुभाव र व्याभिचारी भावको संयोजनमा दर्शक/पाठकका मनमा सुषुप्त अवस्थामा रहेको करुण भाव जागृत भएको छ । काव्यमा विभावादिको संयोगबाट परिपुष्ट करुण रसले सहृदयीका आँखामा आँसु छचल्किएको छ । गोरे र कुञ्जिनीको मिलन,बिछोड,पुनर्मिलन र पुनर्बिछोडको घटना, सन्दर्भ र परिवेशले आलम्बन र उद्दीपन विभावलाई प्रस्तुत गरेका छन् भने नायक/नायिकाको बिछोड र मृत्युले दुःखद् पीडानुभूतिमा पुऱ्याई व्याभिचारी भावको संयोगमा शोक स्थायी भाव अभिव्यक्त भएको छ । काव्यमा विभावादिका कारण अभिव्यक्त यही शोक स्थायी भावले करुण रस उत्पादन गरी आस्वादन योग्य बनाएको छ जसलाई सहृदयी पाठक/दर्शकले पढेर वा हेरेर रसास्वादन गर्न सकिन्छ ।

### **निष्कर्ष**

सिर्जनात्मक रूपमा *मुनामदन* भन्दा ६ वर्ष कान्छो *कुञ्जिनी* खण्डकाव्य लोकलयमा लेखिएको छ । प्रेमको अमरगाथा गाइएको यस खण्डकाव्यमा देवकोटाले मुनामदनमा जस्तै नायक र नायिकाको विछोड भएको देखाएका छन् । यसमा राष्ट्रिय संस्कृति र राष्ट्रिय प्रकृतिको चित्रण गर्नका साथै राष्ट्रप्रति अगाध प्रेम प्रकट गरिएको छ । शहरमा गुण्डा

र गाउँमा खल मात्र पाइने यथार्थतालाई देखाइएको छ । गरिव र धनी बीचको भेदभाव, धनीले गरिवलाई गर्ने अमानवीय व्यवहार, छलकपट जस्ता कुराहरूलाई चुनौती दिनका लागि र मानवतावादी विचार फैलाउनका लागि यस काव्यमा दुई प्रेमीको अमर गाथा गाइएको छ । जीवनीगत रूपमा विरह वेदनाले भरिएको यो कथा धादिङ पर्ने झिल्टुङवासीको मात्र नभएर समग्र देशको हो । जबसम्म निरङ्कुशता र तानाशाही प्रवृत्ति समाजमा रहिरहन्छ तवसम्म नेपाली चेलीहरूको कुञ्जिनीको जस्तो हालत नहोला भन्न सकिन्न । त्यस्तै समाजमा विद्यमान खराव तत्त्वहरूलाई जरैदेखि उखेलेर फालेको खण्डमा कुञ्जिनीजस्ता नेपाली चेलीहरूले दुःख ब्यहोर्नु नपर्ने  सङ्केत यस काव्यमा गरिएको पाइन्छ । लोक भाषामा लेखिएको *कुञ्जिनी* खण्डकाव्यमा प्रचलित संस्कृत तत्सम शब्दको प्रयोग भएको पाइन्छ । यस काव्यमा पात्र अनुसार भाषाको प्रयोग पाइन्न । कविले आफूले निर्माण गरेका शब्दहरूको प्रयोग गरेको पाइन्छ । *कुञ्जिनी* विविध प्रकारका लोक छन्दको प्रयोग भएको खण्डकाव्य हो । यसमा लोक छन्दको असाधारण प्रयोग भएको छ । लोकलयमा कहिं वर्ण सङ्ख्या मिलेको पाइन्छ भने कहिं पाइँदैन । कहीं अक्षर भएका लामा हरफ छन् भने कहीं ६ अक्षर भएका छोटा हरफ छन् ।

विभिन्न लोकलयलाई अँगालिएर लेखिएको *कुञ्जिनी* खण्डकाव्यको कथाको स्रोत धादिङ पर्ने झिल्टुङ गाउँको सेरोफेरोको समाज हो । यसै समाजका माध्यमबाट नेपालकै चित्र उतार्ने काम गरिएको छ । यस काव्यमा देखिएका ठालुसिंङजस्ता खल पात्रहरू सन्तानको इच्छा विपरित विवाह गरिदिन्छन् जसको फलस्वरूप उनीहरूको जीवन बर्बाद हुन्छ । कुनै पनि अविभावकले उमेर पुगेका सन्तानको इच्छ विपरित विवाह गरिदिएमा कुञ्जिनीको जस्तो दुःखत अन्त्य हुन्छ भने ठालुसिंङ्ले जस्तो पछुताउन पर्दछ । त्यसैले अविभावकहरूले आफ्ना सन्तानको इच्छा अनुसार विवाह गरिदिएमा उनीहरूको दाम्पत जीवन सुखी हुन्छ भन्ने कुराको सङ्गेत देवकोटाले गरेका छन् । २००७ सालको सेरोफेरोलाई परिवे बनाइएको उक्त काव्यमा प्रकृति प्रेम, देशप्रेम र नेपाली संस्कृतिको महत्त्व दर्शाइएको छ । विषयवस एवम् भावनाको स्वतः स्फूर्त प्रस्तुति भएको यो काव्य एकै रातको गर्भाधानले जन्मिएको रचना हो ।

रसभावगत दृष्टिले *कुञ्जिनी* खण्डकाव्यमा अङ्गीरसका रूपमा शोक स्थायी भाव भएको करुण रस अभिव्यक्त भएको छ भने अङ्गरसका रूपमा शृङ्गार,रौद्र ,वीर, र शान्त रस अभिव्यञ्जित भएका छन् । यी अङ्गरसले मुख्य भावलाई परिपाकको अवस्थामा पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । विविध भावहरूको प्रस्तुति रहेको यस काव्यमा मूख्य भावका रूपमा शोक प्रकाशित भएको छ । नायक , नायिकाको आत्मिक प्रेम, तत्कालीन नेपाली सामाजिक, सांस्कृतिक सोंच र नायकको स्थिति विपर्यायका कारण काव्य शोकमा टुङ्गिएको छ । काव्यमा सहायक रूपमा रति,उत्साह, क्रोध, सम भाव भएका शृङ्गार लगायत वीर, रौद्र, शान्त आदि रसहरू अभिव्यक्त भएका छन् तापनि शृङ्गारजस्तो सशक्त रूपमा अन्य सहायक रस चमत्कृत हुन सकेका छैनन् । करुण रसको पृष्ठभूमिका रूपमा आएका शृङ्गार, रौद्र, वीर लगायतका रसले काव्यको मूल भावलाई परिपाकमा पुऱ्याएका छन् । नायक, नायिकाको मिलन, वियोग, पुनर्मिलन र पुनर्वियोगमा गतिशील आख्यान सन्दर्भले संयोग शृङ्गार भावबाट काव्यलाई बिप्रलम्ब शृङ्गारमा विचरण गराउँदै करूण रस परिपाकमा पुगेको छ । काव्यको रसपरक मूल्याङ्कन गर्दा यस काव्यमा शोक मूल भावको रूपमा स्थापित भएको छ, रति, क्रोध, उत्साह, सम, घृणा आदि सहायक भावको उपस्थितिले कुञ्जिनी र गोरेको वियोगान्त कथालाई अश्रुकाव्यका रूपमा स्थापित गर्न सहयोग पुऱ्याएका छन् । अङ्गरसका रूपमा शृङ्गार रसको स्थान तुलनात्मक रूपमा उच्च रहेको छ । निष्कर्षत : खण्डकाव्यमा गोरे र कुञ्जिनीको स्वच्छन्दतावादी प्रणय चिन्तनमा आधारित प्रेमालापमा रतिरागात्मक मिठासको अनुभूति गर्दै वियोग भावका माध्यमबाट विरह , वेदनाको सोपान चढ्दै जाँदा दुवैको मृत्यु र मृत्युपरान्तको संयोगान्ताभासमा आँसु छचल्किन्छन् । यसै अवस्थामा सामाजिकमा गोरे र कुञ्जिनीको दुःखान्तको पीडानुभूति साधारणीकरणमा रूपान्तरण भएपछि पाठकले रसानुभूति गर्दछन् । रसास्वादनको यस अवस्थामा काव्यमा करुण रस परिपाकको अवस्थामा उत्कर्षमा पुगेको छ भने शृङ्गार, वीर, रौद्र लगायतका रसहरू अङ्गरसका रूपमा स्थापित भएका छन् ।

## सन्दर्भ सामग्रीसूची


अजितसेन (सन् १९७३). *अलङ्कारचिन्तामणि*. (अनु./सम्पा.). नेमिचन्द्र शास्त्री, भारतीय ज्ञानपीठ प्रकाशन।

अवस्थी, महादेव (२०६१). *लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता*. एकता प्रकाशन।

एटम, नेत्र (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश*, नेपाल प्रज्ञा–प्रतिष्ठान।

जगन्नाथ (२०२०). *रसगङ्गाधर*: प्रथमो भाग:. (व्याख्याकार) मधुसूदन शास्त्री, काशी हिन्दू विश्वविद्यालय, संस्कृत साहित्य अनुसन्धान समिति।

खत्री, विष्णु बहादुर (२०७१). *महाकवि देवकोटाका काव्य कृति*. बृहस्पति पुस्तक प्रकाशन।

गड्तौला, नारायणप्रसाद (२०७७). *पूर्वीय काव्यशास्त्रको प्रायोगिक पद्धति*. नेपाल प्रज्ञा–प्रतिष्ठान।

गौतम, लक्ष्मणप्रसाद (२०६९). *कविताको सैद्धान्तिक विमर्श*. पाठ्य सामग्री पसल।

जोशी, कुमारबहादुर (२०४८). *देवकोटाका प्रमुख कविता कृतिको कालक्रमिक विवेचना*. सिद्धार्थ बनस्थली प्राज्ञिक परिषद् ।

त्रिपाठी, वासुदेव. र अन्य (सम्पा.) (२०४६). *नेपाली कविता* भाग –४. साझा प्रकाशन।

देवकोटा, लक्ष्मीप्रसाद (२०५६). *कुञ्जिनी* (पाँचौँ संस्क.). साझा प्रकाशन ।

पन्त, भरतराज (२०७९). अलङ्कारसिद्धान्त. (सम्पा.) ईश्वर बराल र कृष्णचन्द्रसिंह प्रधान, *नेपाली साहित्यकोश* (पृ. ५३-७८). नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान।

पाण्डेय, ताराकान्त (२०५५-२०५६). *देवकोटाको खण्डकाव्यकारिताः प्राप्ति र सीमाका परिप्रेक्षमा*. *वाङ्मय* ८(१), पृ.।

बन्धु, चूडामणि (२०४६). *देवकोटा* (पाँचौँ संस्क.). साझा प्रकाशन।

भट्टराई, गोविन्दप्रसाद (२०७७). *पूर्वीय काव्यसिद्धान्त*. (दोस्रो संस्क.), नेपाल प्रज्ञा–प्रतिष्ठान।

भट्टराई, रमेशप्रसाद. (२०७०). *समय–सन्दर्भ, पर्यावरण र कविता*, विवेक सिर्जनशील प्रकाशन प्रा. लि.।

भरत (२०४०). *नाट्यशास्त्र* (दोस्रो संस्क.), (व्याख्या.) बाबुलाल शुक्ल, चौखम्बा संस्कृत सिरिज।

मम्मट (सन् १९८०). *काव्यप्रकाश*, मोतीलाल बनारसीदास पब्लिसर्स।

रिसाल राममणि (२०५८). *नेपाली काव्य र कवि* (पाँचौ संस्क.). साझा प्रकाशन।

रुद्रट (सन् १९६५). *काव्यालङ्कार*. वासुदेव प्रकाशन।

लुइटेल, खगेन्द्रप्रसाद. (२०५९/०६०). संरचनाको स्वरूप र विशेषता. *वाङमय*, ११, पृ. ६–१२।

विश्वनाथ (सन् १९८२). *साहित्यदर्पण* (छैटौँ संस्क.). चौखम्बा विद्या भवन।

शर्मा मोहनराज, (२०४८). *शैलीविज्ञान*, नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान।

शर्मा, रमणकुमार (२०५३). *साहित्यदर्पणकोश*. विद्यानिधि प्रकाशन।

Cuddan, J. A.. (2013). *Dictionary of Literary Terms & Literary Theory*. (5th ed.), Wiley-Blackwell.

Harnabi, A. S. (ed.). (2003). *Oxford Advanced Lerner* (2nd ed.), Oxford University Press.